# संघीय संसद
# राष्ट्रिय सभा
# पन्ध्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २४ माघ २०८०
# बुधवार
# बैठक सङ्ख्या- २

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०१ बजे प्रारम्भ भयो ।

(११:०३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु । शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय कुमार दसौदी ।

(११:०४ बजे) **माननीय श्री कुमार दसौदी (नेपाली कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यो दूरसञ्चार प्राधिकरणलाई कस्तो बनाउन खोजिँदै छ? टेरामक्स खरिदमा बहालवाला मन्त्री पूर्वमन्त्रीहरू बयान लिन आऊभन्दा पनि नजाने । सानालाई मात्रै ऐन, ठुलालाई चैन हो कि के हो? यस्तो खालको भयो भने हाम्रो मुलुक जान्छ कता? त्यसको साथ साथमा वर्तमान मन्त्रीज्यूबाट पनि फेरि पनि निजी कम्पनीमा काम गरेका मान्छेलाई त्यही प्राधिकरणको अध्यक्ष बनाउन खोजिँदै छ भन्ने आज समाचारहरूमा सुन्न पाइयो । यो बेठिक हुन्छ । र यसले हाम्रो

नेपालको दूरसञ्चार नेपालको यो सञ्चार क्षेत्र खत्तम हुन्छ । यसमा ध्यान पुऱ्याइयोस् । सबैको समयमै ध्यान जाओस् भन्ने माग गर्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिमलाल देवकोटा ।

**(११:०५ बजे) <u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, यो संसदको शिरमा नेपाल सरकार भन्ने जुन नाम domain parliament.gov.np छ । त्यसमा सुधार गरियोस् । बेलायतको parliament.uk, भारतको sansad.in, अमेरिकी तल्लो सदनको house.gov, माथिल्लो सदनको senate.gov छ, नेपालको parliament.np राख्न सकिँदैन? सर्वोच्च अदालतको शिरमा पनि यस्तै छ । त्यसमा पनि सर्वोच्च अदालतको ध्यान जाओस् । अन्यथा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका अलग अलग स्वायत्त निकायहरू हुन् भनेर कसरी छुट्टिन्छ?

दोस्रो कुरा नेपालको संसदमा कर्मचारीहरूको सङ्ख्या एकदम न्यून छ । अझ विशेषज्ञ र अधिकृतस्तर कर्मचारीको अभाव छ । संसदमा कर्मचारीको अनुपातकै चर्चा गर्दा भारतमा 1:6, बेलायतमा 1:5, बङ्गलादेशमा 1:4 छ, जब कि नेपालमा 1:1 मात्र छ । अमेरिकी senate को कुरा गर्ने हो भने त 1:60 छ । न्यून र दक्ष कर्मचारीको कमीलगायतका कारण संसद जति प्रभावकारी हुनुपर्ने हो त्यो हुन सकेको छैन । यसमा सरोकारवालाहरूको विशेष ध्यान जाओस् । हस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय दिपा गुरुङ ।

**(११:०६ बजे) <u>माननीय श्री दिपा गुरुङ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, गत कार्तिक १७ गते जाजरकोट पश्चिम रुकुममा कहालीलाग्दो विनाशकारी भूकम्प आयो । जनताको जीवनलाई क्षतविक्षत बनायो । सुत्केरी साना बालबालिकाको अकालमा मृत्यु भयो । यो दुःखद् घटनामा देश, विदेशबाट संघ, संस्थाबाट राहत आएको । तर त्यो राहत निष्पक्ष रूपमा वितरण हुन नसकेको खुलासा बाहिर आएको छ । अझै पनि पीडित जनताहरू त्रिपालमुनि बस्न बाध्य भएका छन् । बस्ती जोखिमपूर्ण बनेको छ । सामान्य अस्थायी आवासको व्यवस्था पनि यो सरकारबाट हुन सकेको छैन । सेवा दिन सरकारबाट

ढिलासुस्ती गरिँदै छ । सुत्केरीलगायत साना बच्चाहरू जाडोले कठ्याङ्ग्रिएर मृत्युलाई अङ्गाल्न बाध्य छन् । यी समाचार बाहिर आइराख्दा सरकारको त्यतातिर ध्यान पुग्न छोड्यो । कसरी हुन्छ आफ्नो कुर्सी जोगाइराख्नेमा ध्यान केन्द्रित राखेको देखिन्छ । सरकारसँग पीडाबोध र मानवता पनि देखिन्न । केही समयपछि वर्षा लाग्छ । त्यहाँ जनताको समस्या जटिल बन्दै गएको हुनाले पीडित जनताको जीवन सुरक्षित, निष्पक्ष रूपले राहत वितरणलगायत गास, बास, कपासको व्यवस्था छिटो गर्नको निम्ति अध्यक्ष महोदयमार्फत सरकारको ध्यानाकर्षण गर्दछु । धन्यवाद ।

(११:०७ बजे) **मानननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, नेपालको प्रसिद्ध, ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्त्व बोकेको वाल्मीकि आश्रम चितवन जिल्ला, माडी नगरपालिका वडा नम्बर १ मा पर्छ । तर सो क्षेत्रमा पुग्न नारायणगढ, बर्दघाट, त्रिवेणी हुँदै करिब ६ घन्टा सवारीसाधनमार्फत् जानुपर्ने अवस्था छ । नेपाल सरकारले लगानी गरेर त्रिवेणी नारायणी नदीमा बनेको झोलुङ्गेपुल निर्माण कार्य सम्पन्न भएर पनि सञ्चालनमा आउन सकेको छैन । वाल्मीकि क्षेत्रको समग्र विकासको लागि धेरै पहिले छुट्याएको १२ बिघा जमिन संरक्षण र सदुपयोग हुन सकेको छैन ।

सीमा क्षेत्र भएकोले अतिक्रमणमा परेको छ । भारतीय पक्षबाट निरन्तर अतिक्रमण हुने नेपाल सरकारले ध्यान नदिने कारण वाल्मीकि क्षेत्र दिन प्रतिदिन अतिक्रमणको सिकार भइरहेको छ । यो राष्ट्रियतासँग जोडिएको विषय भएकोले सरकार गम्भीर बन्न जरुरी छ । लुम्बिनी क्षेत्र, त्रिवेणी धाम, वाल्मीकि आश्रम, माडी, अयोध्याधाम हुँदै जनकपुर धाम धार्मिक पर्यटन विकास गर्न नेपाल सरकार गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु । निर्माण सम्पन्न भएको त्रिवेणी नारायणी नदी झोलुङ्गेपुल तत्काल सञ्चालनमा ल्याउन माडी ..... धार्मिक क्षेत्र हुँदै त्रिवेणीधाम पुग्ने छोटो पर्यटन मार्ग सञ्चालनमा ल्याउन अनुरोध गर्दछु ।..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(११:०८ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, जाजरकोट जिल्लामा गत कार्तिक १७ गते गएको विनाशकारी भूकम्पले निकै ठुलो क्षति गऱ्यो । सरकारले अस्थायी टहरा निर्माणको निम्ति प्रत्येक परिवारलाई, लाभग्राहीहरूलाई ५० हजार रुपैयाँका दरले दिने भनेर घोषणा पनि गऱ्यो, तर त्यो लाभग्राहीले

पाउने पैसा अहिलेसम्म पनि पहिलो किस्तास्वरूप २५ हजारका दर भनेको पनि ती लाभग्राही, टोटल लाभग्राही सङ्ख्याले पाउन सकेका छैनन् । टोटल लाभग्राही सङ्ख्या भनेको ४२ हजार ५ सय २४ थिए । त्यसमध्येमा ३१ हजार ८ सय ३० जनाले मात्रै पाएका चाहिँ छन् । अर्कोतिर पुनर्निर्माण र पुनर्स्थापनासँग सम्बन्धित जसरी सरकार चाहिँ लाग्नुपर्थ्यो, त्यसअनुसार लागेको छैन । र यो राज्य जोखिम तथा व्यवस्थापन प्राधिकरण कार्यालय गठन गरिएको छ । सहरी विकास मन्त्रालयलाई त्यसको जिम्मा दिइएको छ । तर सरकारलले त्यसबारेमा कुनै पनि आफ्नो कुराहरू अगाडि बढाएको छैन । जनता अस्तव्यस्त अवस्थामा भएका छन् । यसतर्फ सरकारको ध्यान जाओस् भन्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय डाक्टर विमला राई पौडयाल ।

(११:०९ बजे) **माननीय डा. विमला राई पौडयाल (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, २०८० साल पुस १३ गते ललितपुरको ग्वार्कोमा सुजन रावत दैलेखको र डोटीका वीरेन्द्र साह दुई जना युवाको हत्या भयो नै भन्छु म त । प्रहरीको गोली लागेर मृत्यु भयो । त्यो त्यसपछि सरकारले तुरुन्तै छानबिन समिति पनि बनायो । त्यो छानबिन समितिको प्रतिवेदन के आयो? यो युवाहरूको माग सम्बोधन गर्न नसक्ने श्रम तथा रोजगार मन्त्रालयको गल्ती हो कि? संयमता अपनाउन नसक्ने प्रहरीको गल्ती हो कि? अफिस hour मा झन्डा हल्लाउँदै अप्ठ्यारो बाटोमा चाहिँ युवाहरूले विद्रोह गरिरहेको ठाउँमा पुग्ने मन्त्रीको गल्ती हो? यो गल्तीअनुसार कसले कहाँ सजाय पायो? प्रतिवेदन के थियो? त्यसको बारेमा सदनमा आएर जानकारी गराउनको लागि मैले अनुरोध गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय सिंग वहादुर विश्वकर्मा ।

(११:१० बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**ः- अहिले देशमा बढ्दो बेरोजगारी समस्यासँगै दिन प्रतिदिन जनशक्ति विभिन्न माध्यमबाट विदेश पलायन भइरहेका छन्, भने विदेशमा हराएर बेपत्ता हुनेहरूको सङ्ख्यासमेत बढ्दो छ। सिन्धुपाल्चोकमा मात्रै गत दुई वर्षमा ७७ जना हराएको भनी निवेदन परेको छ । धेरैजसो खाडी मुलुकमा घरेलु कामदारको रूपमा गएकाहरू छन् । इन्द्रवती गा.पा. १ का

शोमामाया तामाङ र साँगाचोकगढी ना.पा. बतासेकी पासाङ ल्हामु तामाङ कुबेतमा केही वर्षदेखि बेपत्ता भएकी छन्, तसर्थ म पीडितहरूको खोजी कार्य र उद्धार गर्न सम्बन्धित निकायको ध्यानाकर्षित गराउन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरू विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ । अब म माननीय सदस्यलाई बोल्न समय उपलब्ध गराउँछु । माननीय भुवन बहादुर सुनार समय ७ मिनेट । यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ ।

**(११:१२ बजे) माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्षज्यू, र सम्पूर्ण माननीयज्यूहरू मैले कृषि उत्पादनसम्बन्धी नै विषयमा जोड्न खोजिरहें, किनभने कृषि नै हाम्रो चाहिँ मुख्य आधार हो । त्यसैले कृषि उत्पादन बढाउन सिँचाइमा जोड दिऊँ भन्ने नै मेरो चाहिँ भनाइ हो । यो पन्ध्रौं अधिवेशनको प्रारम्भमा महान सहिदहरू प्रति स्मरण गर्दै विभिन्न घटना र अवस्थामा ज्यान गुमाउनु हुने प्रति श्रद्धाञ्जली गर्दै म मेरो विषय प्रस्तुत गर्न लागिरहेको छु । संविधानमा खाद्य सम्प्रभूताको हक उल्लेख छ । नेपाल कृषि प्रधान देश, ६५% भन्दा पनि बढी जनता कृषिमा निर्भर छन् । र देशमा ठुला विपत्ति पर्दा पनि निर्वाहमुखी कृषिले जोगाइरहेको छ । र अब हामी निर्वाहमुखीबाट व्यावसायिक कृषितिर चाहिँ अगाडि बढ्नुपर्छ भन्दै सरकारले कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण

**(११:१५ बजे) पीठासीनः** माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** गर्दै कृषि उपजको भण्डारण, बजारीकरण समुचित प्रबन्ध गर्दै जानुपर्छ। आत्मनिर्भर अर्थतन्त्रको आधार स्वदेशमै उत्पादन र रोजगार भन्ने नारा राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्र उत्पादन र उत्पादकत्व वृद्धि गर्न सिँचाइ अनिवार्य हुन्छ । जलवायु परिवर्तनका कारण कृषिमा ठुलो प्रभाव परिरहेका छ । त्यसैले धादिङ्गको सल्यानटारलाई आँखु नदीबाट सिँचाइ गर्न सकिन्छ । त्यस्तै गोर्खाको पालुङ्गटार, चाङ्टार जस्ता ठुला टारहरूमा चेपे नदी र धौलीबाबाट

सिँचाइ गर्न सकिन्छ । त्यस्तै फान्डी खोलाबाट पूर्व टार र चुँदी खोलाबाट भंसार टारलाई सिँचाइ गर्न सकिन्छ । यदि ती टारहरूमा सिँचाइ भयो भने बल्ल कृषिमा आत्म निर्भर हुने प्रशस्त सम्भावनाहरू छन्, हुन्छन् । त्यसैले गर्दा ती सुखा टारहरू सिँचाइ गर्न सरकारको ध्यान जानुपर्छ । यी टारहरू मात्र सिँचाई गर्नसके पनि ठुलो उत्पादन हुन्छ र यस्ता धेरै ठाउँहरू छन् । कृषि मन्त्रालय र सिँचाई मन्त्रालयको ध्यान आदेश गराउँदै गर्दै "उत्पादनका साथमा अनुदान हातमा भन्ने", "उत्पादनका साथमा र अनुदान हातमा" भन्ने मिठा नारा त्यसै रह्यो कि केही भइरहेको छ? भन्ने विषयमा अहिले जोड दिँदै, super zone, रैथाने वाली, पहाडका आलु र उत्पादनलाई brand गर्ने भनिएको छ । यो खुसीको कुरो हो। यसको के भयो भन्ने कुरा यसै अधिवेशन मार्फत खोतलिने छ । यसै आर्थिक वर्ष, यो आर्थिक वर्ष ८०/ ८१ मा कृषिलाई उच्च प्राथमिकता दिँदै करिब ९८ अर्ब बजेट विनियोजन भएको थियो । यसले कृषिमा कति प्रगति गऱ्यो? अब हामी अझ थप के गर्नुपर्छ? भन्ने विषयमा यसै अधिवेशनमार्फत हामी सबै सुसूचित हुनेछौं । र बजारमा अनियन्त्रित बजार मूल्य बढ्दो छ । बिचौलियाहरू हावी भइरहेका छन् । चाडपर्व भयो दाल, चामल, चिनी, तेलको हाहाकार हुन्छ । अहिलेका ठुला चाडहरूमा त चिनी १०० बाट चाहिँ २०० सम्म मूल्य हुन पुग्यो । यस्तो अवस्था छ ।

हाम्रै देशमा चिनी उद्योग छ । हाम्रै देशमा चाहिँ उखु उत्पादन हुन्छ । तर ती राम्रा सम्भावना हुँदाहुँदै पनि हामी चिनीको हाहाकारबाट चाहिँ बच्न सकेका छैनौं । त्यस्तै गरेर र उद्योग चल्न सकिरहेका छैन, जुन नचलिरहेका उद्योगहरू चलाउनपर्छ भनेर सरकारको चाहिँ भनाइहरू सुनिरहेको छ । त्यो कति व्यवहारमा जान्छ त्यो व्यवहारमा गयो भने फेरि हामी चाहिँ नेपाललाई समृद्धिको बाटोतिर चाहिँ अगाडि बढ्ने प्रचुर सम्भावनाहरू छन् । र यस्तो अवस्थामा भएका उद्योगहरू, उद्योग धन्दाहरू र सडकहरूमा अहिले कामहरू रोकिरहेका छन् , यस्तो किन भयो ? भन्दा सर्वसाधारण मान्छेहरू प्रश्न गरिरहेका छन् । र भन्ने गर्छ कि अर्थ मन्त्रालयले बजेटै विनियोजन गरिएन। अर्थ मन्त्रालय बजेटै पठाउँदैन भन्ने सुनिएको छ र म आफै पनि गोरखाको केही ठाउँहरूमा पुगेको थिएँ। त्यहाँ एक त केही हिँउद भन्दा गत हिँउदमा काम रोकियो । र त्यहाँ ठेकेदार र चाहिँ सरकारको बिचमा के मिलेन । फेरि त्यसपछि दशैं अगाडि काम सुरु भयो, दशैं सकियो, काम पनि चाहिँ भइरहेको छैन । त्यसैले गर्दा सम्बन्धित मन्त्रालयलको ध्यानाकर्षित गराउँदै मेरो यो टिप्पणीयुक्त भनाइहरूमा यहीं अन्त्य गर्छु । हवस् पुनः धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय भैरव सुन्दर श्रेष्ठ । समय ९ मिनेट । त्यसपछि माननीय डा. विमला राई पौडयाल ।

(११:१९ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम म संवैधानिक व्यवस्थाअनुसार राष्ट्रिय सभाको निर्वाचन सम्पन्न भएको छ, नवनिर्वाचित माननीय सांसदज्यूहरूलाई म हार्दिक बधाई तथा सुखद कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । लामो समयको अन्तरालपछि संसदले महासचिव पाएको चाहिँ छ । र महासचिवमा नवनियुक्त महासचिव डा. पद्मप्रसाद पाण्डेलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, हिउँदे अधिवेशन अलि छिटो चल्न चाहिँ पर्थ्यो तर सरकारको निकै ढिलो गरी यो हिउँदे अधिवेशन २२ गतेदेखि मात्रै चालु भएको छ । र यो अधिवेशन चलिरहँदा हाम्रा धेरै हामीले निभाउनुपर्ने भूमिकाहरू धेरै छन् । अस्ति उद्घाटन सत्रको दिनमा बोल्ने क्रममा माननीयज्यूहरूले, चाहे सत्तापक्षका माननीयज्यूहरू होस्, चाहे प्रतिपक्षका, सबै माननीयज्यूले वर्तमान सरकारका सन्दर्भमाथि सरकारको गतिशीलतालाई हेरेर, सरकारले गरेका कामको कारबाहीलाई हेरेर केही आलोचनाहरू भएका छन् । तर सत्तापक्षकै माननीयज्यूले प्रतिपक्ष बेन्चबाट उठाएका कुराहरूलाई नेकपा एमाले सरकारमा रहँदा एउटा कुरा गर्छ, प्रतिपक्षमा रहँदा एउटा कुरा गर्छ र अर्थात् एमाले सरकारविना चाहिँ रहनै सक्दैन भन्ने खालको कुराहरू राख्नुभयो । वास्तवमा त्यस्तो चाहिँ होइन । एमाले सरकारमा पनि रहन्छ, प्रतिपक्षमा पनि रहन्छ । प्रतिपक्षमा रहँदा, सरकारमा रहँदा आफूले गर्ने कामहरू उसले गरेको छ । प्रतिपक्षमा रहँदा देशमा जुन भयावह स्थिति सिर्जना भएको छ, देशको असफलतातर्फ चाहिँ गएको छ, देश अराजकतातर्फ चाहिँ गएको छ, देशमा भ्रष्टाचार भएको छ, देशमा सुशासन कायम छैन । यी सवालहरूमा हामीले कुरा उठाउँदा सत्तामा जानुपर्छ भन्ने मान्यता होइन । त्यसो हुँदा चाहिँ माननीयज्यूले पटकपटक आफ्ना कुराहरू राख्ने प्रसङ्गमा नेकपा एमाले सत्ताभन्दा बाहिर चाहिँ रहनै सक्दैन भन्ने खालका कुराहरू होइनन् । हामी प्रमुख प्रतिपक्ष भएका छौं । मिसन ८४ हामी सबैले अगाडि हेरिरहेका छौं । त्यसबेला हामी चैं बहुमतका साथ नेकपा एमाले आफ्नो योजना लिएर सरकारमा आउने छ भन्ने कुरा म राख्न चाहिँ चाहन्छु ।

र हामीले यो किन भन्छौं भन्दा इतिहासमा सबैभन्दा कमजोर सरकारहरूमा अहिलेको सरकार रहेको छ । अहिले जस्तो राष्ट्रियता कमजोर कहिल्यै पनि भएन । यो प्रचण्ड नेतृत्वको

सरकारले देशको सार्वभौमसत्ता, नेपाली स्वाभिमान, नेपाली स्वाधीनतालाई कमजोर बनाउने काम तथ्य प्रमाणले प्रष्ट चाहिँ पारेको छ । वर्तमान सरकारकै कारणले गर्दा देश बर्बाद भएको छ । यिनै कारणले गर्दाखेरि हामी सरकारलाई खबरदारी गर्न चाहन्छौं । यस्तो गर्न पाइँदैन । हामीले देखिरहेका थियौं कि गठबन्धन सरकार बनिसकेपछि हामीले सुरुमै भनेका थियौं, गठबन्धन सरकारले जसरी सरकार बनाएको चाहिँ थियो, एउटा लोकप्रिय सरकारलाई अपदस्थ गरेर गठबन्धन सरकार भएको थियो । गठबन्धन सरकारले, हिजो चैं केपी ओलीको सरकारले गरेका कामका भन्दा राम्रो काम गरेर देखाएको भए आज हामी ती कुराहरूलाई हामी प्रश्न चाहिँ गर्ने थिएनौं । केपी ओलीको पालामा राष्ट्रिय एकतालाई प्रवर्धन गर्ने काम भएको थियो, विकास र समृद्धिको हिसाबले राष्ट्रलाई अगाडि बढाउने काम भएको थियो । राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता स्वाभिमानलाई उच्च राख्ने काम भएको थियो, सामाजिक सुरक्षाको माध्यमबाट लोककल्याणकारीसहितको राज्य बनाउने काम चाहिँ भएको थियो र त्यतिबेला आर्थिक वृद्धिदर करिब ८% भन्दा माथि रहेको थियो । र विश्वका तीव्र विकास भएका मुलुकहरूमध्येमा नेपाल दशौं स्थानमा भएको कुरा चाहिँ अन्तर्राष्ट्रिय जगतका दाह तथा निकायले प्रक्षेपण गरेर निकालेको निष्कर्ष थियो । र नेपाल एउटा उच्चतम आर्थिक वृद्धि गरिरहेको देशको रूपमा, विकासमा लम्किरहेको देशको रूपमा चिनिएको थियो । तर आज आइपुग्दा, आज आइपुग्दा यो गठबन्धन सरकारले जसरी बजेटलाई अगाडि सार्‍यो, १७ खर्ब ५१ अर्ब ३१ करोड २१ लाखको बजेट अघि सारेको छ । तर अस्तिको यो यही माघ १८ गतेसम्मको हेर्दाखेरि पुँजीगततर्फ केवल १९% मात्र खर्च भएको छ । यसले देशलाई कहाँनेर लैजान्छ? राजस्वको लक्ष्य १४ खर्ब २२ अर्ब रुपैयाँ ५४ करोडको लक्ष्य गरेको छ । साढे ६ महिनाको अवधिमा ३७.११% ले मात्रै राजस्व उठेको छ । र अब के भन्दाखेरि चालुतर्फ करिब ४२% खर्च भएको छ भने, राजस्व उठेको छ केवल ३७.११% छ । यो माइनस भएको ५% लाई पुर्‍याउनको निम्ति सरकारले एक खर्ब ४५ अर्ब रुपैयाँ आन्तरिक ऋण चैं उठाएको छ । र आज आन्तरिक र बाह्य ऋण चैं करिब २५ खर्बभन्दा बढी नाघेको छ । आर्थिक अवस्था यस्तो खालको छ । त्यसकारणले हामी भन्ने गर्छौं वास्तवमा सरकार जुन लयका साथ अगाडि बढ्नुपर्ने थियो, सरकार चैं बढ्न सकिरहेको छैन ।

हामी आयाततर्फ सरकारले न्यूनीकरण गर्ने कुरा गरेको थियो । कि उत्पादनलाई दोब्बर वृद्धि गरेर आयातमा हामी न्यूनीकरण गर्छौं भन्ने कुरा गरेको थियो । अहिले total आयाततर्फ चैं ९१.११% आयातमा हामी निर्भर भएका छौं भने देशबाट अब उत्पादन गर्ने वस्तुहरू निर्यात चैं ८.८९% मात्रै निर्यात भएको छ । यसले गर्दाखेरि आन्तरिक उत्पादनलाई दोब्बर वृद्धि गर्छु भन्ने

र क्रमशः आयातलाई प्रतिस्थापन गर्दै लगिने छ भन्ने सरकारको प्रतिबद्धता थियो । आज त्यो सरकारको प्रतिबद्धता हावामा चैं भाषणमा सीमित भएको छ । यी तथ्य कुराहरू हुन् । तथ्यभन्दा बाहिर हामी कहिले पनि गएका छैनौं । यसले गर्दाखेरि यो आयातलाई प्रतिस्थापन कसरी हुन्थ्यो भन्दाखेरि देशमा विद्युत् खपतको निम्ति प्रशस्त सम्भावनाहरू छन् । ती सम्भावनाहरूलाई वृद्धि गरेर पेट्रोलियम पदार्थको आयातलाई प्रतिस्थापन गर्न सकिन्थ्यो । र बजेट, त्यो घाटा बजेट थियो, व्यापार घाटालाई कम गर्न सकिन्थ्यो । तर उत्पादन नभएको विद्युत्लाई १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्छु भनेर, उत्पादन नभएको विद्युत् भारतलाई सुम्पिएर कहीं कतै हामीलाई के लाग्छ भन्दाखेरि भारतले जुन आँखाले हेरिरहेको छ, ती हाम्रा नदीनालाहरूलाई होड लगाउनको निम्ति वर्तमान सरकार उद्यत भएको छ, सम्झौता गरेको छ । यो राष्ट्रहितविपरीत छ ।

यसले गर्दाखेरि त्यही सँगसँगै हामीले अर्को के पनि भनेका छौं भन्दाखेरि भारतीय दुतावास यहाँ नेपालमा चैं छ । र अस्ति भारतीय विदेश मन्त्री नेपालमा आएको बेला एस. जय शङ्करको पालमा सम्झौता भएको छ कि नेपालको त्यो लैनचोरबाट करिब २० करोडको चाहिँ आयोजनाहरू सिधै सञ्चालन गर्ने कुराहरु अहिलेको वर्तमान सरकारले सम्झौता गरेको छ । त्यसले हाम्रो राष्ट्रिय सार्वभौमिकतामाथि, हाम्रो यो अधिकारमाथिको हस्तक्षेप हो भन्ने कुरा हामीले बुझिरहेका छौं । सरकार यसतर्फ किन ध्यान दिँदैन? यदि भारतले नेपालका हरेक क्षेत्रमा विकास गर्न चाहेको हो भने हाम्रो budgetory system माथि भारतले करोडौं अरबौं रुपैयाँ अनुदान दियोस् । हामी स्वागत गर्न चाहन्छौं । तर हाम्रो देशको आन्तरिक मामलामाथि एउटा राजदुतावासमार्फत बजेट जाने कुरा भएपछि भोलि ती तलका गाउँपालिकाका साथीहरू, गाउँपालिकाका मान्छेहरू भोलि मन्त्रालय धाउन नभएर लैनचौरमा धाउने स्थिति हुन्छ । त्यतिखेर हाम्रो राष्ट्रियता कहाँ चैं हुन्छ? यी यावत् कुराहरूलाई लिएर हामीले भन्ने गरेका छौं कि वर्तमान सरकार आफू जसरी अगाडि बढ्नुपर्ने थियो, त्यसअनुरूप गएको छैन । यो छोटो समयमा म विस्तृततर्फ म भन्न चाहन्नँ । यसपछिका दिनमा म भन्न राखुँला । यसले गर्दाखेरि यस्ता हावादारी कुराहरू गरेर देशलाई अलमलमा पार्न चैं पाइँदैन, देशको सार्वभौमसत्तालाई खलल पार्न पाइँदैन, देशको स्वाभिमानलाई गिराउन पाइँदैन, देशको राष्ट्रिय स्वाधीनतालाई गिराउन पाइँदैन भन्ने कुरो यो हाम्रो खबरदारी चैं हो । यो खबरदारी गरिरहेको बेला माननीयज्यूहरूलाई यो नलागोस् कि नेकपा एमाले सत्ताभन्दा बाहिर एकछिन पनि बस्न सक्दैन भन्ने कुरा कदापि यस्तो कुरा नगर्नुस् । एमाले छ र यो चैं हामीलाई अहिले, जनताले तल निकै प्रश्नहरू उठाएको अवस्था छ । ती कुराहरूलाई सम्बोधन गर्ने भनेको नेकपा एमालेबाहेक अर्को

कोही छैन भन्ने कुरो अहिलेको व्यवहारले हामीले देखिरहेका छौं । यसले गर्दाखेरि हामी प्रजातन्त्रका हिमायतीहरू, हामी प्रजातन्त्रको यो लोकतान्त्रिक गणतन्त्र ल्याउनमा सबै सरकारले गरेकाहरू आज यस व्यवस्थाप्रति question उठिरहेको छ, यो हाम्रो नेकपा एमालेको कारणले होइन । वर्तमान गठबन्धनको कारणले गर्दाखेरि आज प्रतिगामी तत्वहरू जसरी सलबलाएका छन्, तिनलाई निस्तेज पार्नको निम्ति तपाईं हाम्रो एकता आवश्यक छ कि छैन? यसले गर्दाखेरि देशलाई आज देश कतातर्फ उन्मुख जानुपर्ने हो? हामीले संविधानमा लेख्यौं, समाजवाद उन्मुख यो संविधान रहने छ । हामी समाजवाद उन्मुख हुने छौं भन्ने कुरा हामीले प्रतिबद्धता व्यक्त गरेका छौं । तर हाम्रा काम कारबाहीहरू गठबन्धनको नाममा कुनै पनि आशा गर्ने लायकका ठाउँहरू हामी देख्दैनौं । यसैले गठबन्धन केमा? अवसरमा बाँडफाँट भएको छ । देश बनाउनको निम्ति गठबन्धन गएको छ भन्ने कुरो यहाँहरूकै काम र कारबाहीले चाहिँ पुष्टि गरेको छ ।

यसले गर्दाखेरि म आजको यो समय छोटो भयो । अरू थुप्रै कुराहरू अर्को session मा हामी राख्न चैं कुराहरू यहाँको बिचमा राख्न चाहन्छु । हाम्रो गृह मन्त्रीहरू, प्रधानमन्त्रीहरू धेरै ठुल्ठुला कुराहरू गर्नुहुन्थ्यो कि भ्रष्टाचारलाई न्यूनीकरण गर्ने छ, control गर्ने छ कुराहरू, सुशासनलाई कायम गर्ने छ, कुराहरू गर्नुहुन्थ्यो तर आज सुशासन कहाँ छ? भ्रष्टाचार न्यूनीकरण भएको छ कि छैन? यसतर्फ सम्बन्धित अहिलेको सरकारको ध्यान जाओस् भन्ने कुरा म राख्न चाहन्छु । हामी आशा गरेका कैयौं ठुला कानुनहरू .....(समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डाक्टर विमला राई पौडयाल । समय ५ मिनेट । त्यसपछि माननीय कमला पन्त ।

(११:२८ बजे) **<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, राज्य विशेष गरीकन सरकार र जनप्रतिनिधिहरू पनि उहाँहरूको सबैभन्दा ठुलो दायित्व भनेको नागरिकको रक्षा हो । नागरिकलाई आपत् पऱ्यो भनेदेखि रक्षा गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी हो चाहे त्यो जो सुकै होस्, जहाँकै होस् । यस्तो महत्त्वपूर्ण जिम्मेवारीमा कहिलेकाहीं हामी चुक्छौं र अहिले पनि हामीलाई चुकिराखेका छौं, मैले तीनओटा यस्ता कुराहरूमा सरकारको ध्यानाकर्षण गराउन चाहन्छु ।

पहिलो अक्टोबर ७, २०२३ मा हमास समूहले इजरायलको गाजामा आक्रमण गर्‍यो । १० जना होनहार नेपाली युवाहरू विद्यार्थीहरूको मृत्यु भयो । त्यो मृत्युप्रति म गहिरो दुःख पनि प्रकट गर्न चाहन्छु । धेरै नेपालीहरू घाइते भएर फर्किए पनि एक जना विपिन जोशी अहिलेसम्म पनि अज्ञात अवस्थामा हुनुहुन्छ । सरकारले प्रयत्न गरिराखेको छ, गर्छु भनेको पनि छ । प्रयत्न गरिराखेको भनेको सुनेको छौं । परराष्ट्र मन्त्रालयको मङ्सिर ४ गतेको विज्ञप्तिमा मैले अहिलेसम्म latest भेटेको त्यही हो त्यसमा अवस्था चाहिँ विपिन जोशीको अज्ञात नै छ भनिएको छ । मैले अहिले ध्यानाकर्षण गराउन चाहें हामीले के काम गर्दै छौं, विपिन जोशीको अवस्था जान्नको लागि, अहिले के प्रयासहरू भइराखेका छन्? त्यसमा सदनलाई जानकारी गराउनु राम्रो हुन्छ । किनभने हामी पनि अभिभावक हौं । सरकार पनि राज्य पनि अभिभावक हो । अभिभावकलाई थाहा हुनुपर्छ र प्रयास गर्नुपर्छ ।

दोस्रो, दोस्रो राहतको लागि पर्खिरहेको नेपाली, रुँदै गरेको नेपाली रसिया र युक्रेनको युद्धमा छ । त्यहाँ अहिले पनि यो देशको विडम्बना मान्नुपर्छ । प्रहरी र सेनामा जागिर खाइरहेका नेपाली युवाहरू नेपालप्रतिको नैराश्यताले यो देशमा केही हुँदैन भनेर मर्न तयार भएर युक्रेनको र रसियाको दुवै पक्षबाट सेनामा गएका छन् । त्यहाँ सेनामा भर्ती हुनु भनेको नेपालीले नेपालीलाई मार्नको लागि तयार भएर जानु हो । किनभने दुई पक्ष नै हानाहान भइराखेको छ । दुवैतिर नेपालीहरू गएका छन् । त्यहाँबाट भागेर आउनुभएका युवाले भन्नुहुन्छ करिब १४/१५ हजार नेपालीहरू युक्रेन र रसियाको सेनामा छन् अहिले । र front line मा लडिरहेका छन् । रुस सरकारले आफ्नो देशको भन्दा बाहिरको नागरिकहरू सेनामा आएका छन् भन्ने तथ्याङ्क त पक्कै राखेको होला । कतिओटा नेपालबाट कति जना नेपालीहरू लडिराखेका छन् रसियाकोमा भनेर । हामीले त्यति तथ्याङ्क पनि लिन सकिराखेका छैनौं । राहत गर्ने त, उद्धार गर्ने त परकै कुरा हो । नेपालीहरू रोएर, कराएर भनिराखेका छन् । हामीलाई यहाँबाट फर्काऊ । कति जानेर गए । कति नजानेर गए । ठुलो देश हो मान्छौं तर हाम्रो देशका नागरिक त्यहाँ जानेर नजानेर पुगेका छन् । हामी फर्काउन चाहन्छौं । उनीहरू फर्कन चाहन्छन् भने रेस्पोन्सै नगर्ने पनि हुन्छ? अनि हामी के गर्न बस्या? यति क्षतिपूर्ति हुनेहरूले सेनामा भर्ना हुँदाखेरि पैसा लिएका छन् । अथवा रसिया अथवा युक्रेनको पैसा खर्च भएको छ भने हामी क्षतिपूर्ति दिन तयार हौं । तर हाम्रो तथ्याङ्क पनि ल्याउनपर्‍यो र त्यसपछि त्यहाँ भएका नेपालीहरूलाई सकुशल फिर्ता पनि गर्न पर्‍यो । र यो दुइटा देशहरूलाई हाम्रा देशका युवालाई तिम्रो सेनामा भर्ती नगर भनेर पनि प्रष्टसँग भन्न सक्नुपर्‍यो । हामी चुकेका छौं । मेरो परराष्ट्र मन्त्रालयसँग अनुरोध पनि हो । ध्यानाकर्षण पनि हो । अभिभावकत्व भन्ने कुरा मुखले भनेर हुँदैन गरेर देखाउनुपर्छ । र त्यहाँ

अभिभावकत्व पुगेको छैन । के भइराखेको छ? तिनीहरूलाई उद्धार गर्नको लागि र फर्काउनको लागि के भइराखेको छ? यदि हामीले भनेको आवाज सुनिएन भने अन्तर्राष्ट्रिय समुदायलाई गुहार्नुपर्छ भने पनि गुहारौं । र हाम्रा नेपाली दाजुभाइहरूलाई त्यहाँबाट फिर्ता ल्याऊँ ।

तेस्रोः राहत पर्खिराखेको भनेको जाजरकोट र रुकुम पश्चिम, अघि पनि कुरा उठिसकेको छ । ४० हजार घर बनाउन बाँकी छ । ४० भन्दा बढी महिला सुत्केरीहरू, वृद्धवृद्धाहरू, बालबालिकाहरू जाडोले मरे । अब फेरि पानी पर्छ । मनसुनले मर्ने हो? कति ढिला गरेको? पुनर्निर्माण कहिले गर्ने? यो पुनर्निर्माणमा एकदमै ढिला भएको छ । राहतमा एकदमै ढिला भएको छ । यसमा सरकार चुकिराखेको छ । त्यसैले भन्दै छु म फेरि पनि अभिभावक भनेको गरेर देखाउने हो । मुखले मैले गरेको छु भनेर हुँदैन । त्यो भएर यो तीनटा ठाउँको राहत र उद्धार के भइराखेको छ? संसदलाई जानकारी दिनुपर्‍यो । अभिभावकत्व लिनुपर्‍यो साँच्चै नै भनेर मैले अनुरोध गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय कमला पन्त समय ८ मिनेट। त्यसपछि माननीय सिंग वहादुर विश्वकर्मा।

**(११:३४ बजे) <u>माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)</u>:-** सम्माननीय अध्यक्ष महोदय, हामी आज फेरि अर्को सेसनमा बसिराखेका छौं । हिउँदे अधिवेशन, यो अधिवेशन भनेको विधेयक अधिवेशन भन्ने गरिन्छ । यसमा धेरै कुराहरू विधेयक धेरै ल्याउनु छ । र म सुरुमै सरकारलाई के निवेदन गर्छु भने वास्तवमा संसद चाहिँ बिजनेस नपाएर बस्ने गर्‍यौं । र यो अधिवेशनमा चाहिँ बिजनेस नपाएर संसद बस्न नपरोस् , बिजनेस नपाएर संसद बस्न नपरोस् । सांसदले फुर्सदै नपाउने गरेर सरकारले बिजनेस दिओस्, म यही निवदेन गर्न चाहन्छु । अध्यक्षज्यू, म फेरि त्यही महिलाकै कुरा गर्छु भन्ने पनि पर्न सक्छ सबैले त्यसै भन्ने गर्छन् । यो महिला विकास कार्यक्रम २०३९ सालबाट सुरु भयो। जम्मा पाँचवटा जिल्लाबाट सुरु भयो । पाँचवटा जिल्लापछि बिस्तारै सतहत्तरै जिल्लामा कार्यक्रम लागू भयो । ७७ जना महिला विकास अधिकृतहरू थिए । त्यहाँ त्यस्तै कर्मचारी थियो र स्थानीय विकास मन्त्रालयमा यो कार्यक्रम थियो । मलाई लाग्छ अध्यक्षज्यू नै स्थानीय विकास मन्त्री हुँदा त्यो कार्यक्रम महिलाका मन्त्रालयमा आएको जस्तो लाग्छ मलाई । यसरी यो कार्यक्रम चल्यो र संसारभरिबाट award पनि पायो, BCRW भन्ने कार्यक्रम थियो एउटा, त्यसले यस्तो राम्रो महिलाहरूमा प्रभाव पार्‍यो । र महिलाहरू खुसी थिए । कार्यक्रम त्यस्तो प्रकृतिको कार्यक्रम

थियो । त्यो कार्यक्रम अब कसरी चल्यो? के गऱ्यो भन्ने व्याख्यापट्टि म लाग्न चाहन्नँ । अहिले चाहिँ हामी कहाँ संघीयता आयो । मुलुकभरि हामी सबै खुसी छौं तर त्यो महिला विकासमा काम गरेका कर्मचारी जो महिला मात्रै छन् । त्यो महिलाहरू चाहिँ पीडित भएका छन् । यति धेरै विभेद गरिएको छ महिलाप्रति।

यो कार्यक्रमको धेरै अनुसन्धान नै गरेर चर्चा गर्ने पनि हुनुहुन्छ होला । मैले चाहिँ, मैले थाहा पाएको र मैले देखेको स्थानीय विकास मन्त्रालयबाट महिला मन्त्रालयमा आयो । महिला मन्त्रालय महिला बालबालिका तथा समाज कल्याण कार्यक्रम भयो । त्यस पछि अहिले ज्येष्ठ नागरिक पनि छ । त्योपछि महिलाहरूले जिल्लाबाट यति धेरै महिलाहरूलाई सेवा पुऱ्याएको थियो । र त्यतिबेला हिंसा पनि कम हुन्थ्यो । र अहिले यसो सुन्दाखेरि के भनिन्छ भने महिला विकास कार्यक्रम नभएर पनि हिंसा बढेको हो भन्ने पनि भनिन्छ । अहिले चाहिँ ७५३ वटा पालिकामा लगेर महिला विकासका अधिकृतहरूलाई पञ्जिकाधिकारीको काम गर्न लगाइएको छ । उनीहरू चाहिँ दर्ता चलानी मृत्यु दर्ता गर्ने जन्म दर्ता गर्ने त्यस्तो काम गरिराखेका छन् । वृति विकास रोकियो उनीहरूको । उनीहरूको फाइल बढुवा भएर वृत्ति विकासमा जान सक्थे होलान् । प्रतिस्पर्धा त त्यहाँबाट नि गर्न पाउँछ । यो न संघीयता संघको कर्मचारी भए न पालिकाको कर्मचारी भयो । यसरी कुनै एउटा सिङ्गो लोकसेवा लडेर आएका कर्मचारीहरूलाई यसरी बेथितिमा राख्न राज्यले सुहाउँछ कि सुहाउँदैन? राज्यले के हेरेर बसेको कति पटक कुरा उठाउने? यो विभेदले कहाँ पुर्याउँछ हामीलाई । कसै प्रति पनि, एक जना व्यक्ति माथि यसरी विभेद गर्न पाइँदैन । त्यसमा पनि यतिका कर्मचारीहरू माथि विभेद गरिनु कहाँको न्यायसङ्गत हो? र कार्यक्रम कसरी चलेको छ? कि ७५३ वटा पालिकामा त्यही ढङ्गले यो कर्मचारी संघको कर्मचारी भयो पालिकाले लिएको भए वृत्ति विकास पनि सम्भावना हुन सक्थ्यो । यो ढङ्गले यो कार्यक्रमलाई राज्यले, अध्यक्षज्यू, अध्यक्षज्यू मार्फत म के निवेदन गर्न चाहन्छु भने यो सुनेको छैन कि? सरकारको कानमा पुगेको छैन कि? मन्त्रीज्यू यहीं हुनुहुन्छ सुन्या होला जस्तो पनि लाग्छ कहिले, कहिले चाहिँ तर सुनेको जस्तो लाग्दैन । यो कार्यक्रमलाई यो रोष्टमबाट आएर हाम्रो चित्त बुझ्ने ढङ्गले जवाफ चाहियो । अध्यक्षज्यू, रुलिङको पनि म निवेदन गर्न चाहन्छु । रुलिङ होस् यो कार्यक्रमको बारेमा । अर्को चाहिँ अध्यक्षज्यू यो Transparency International ले एउटा report दिएको छ । यो विश्वभरिकै एउटा भ्रष्टाचारको विरुद्धमा बोल्ने एउटा महत्वपूर्ण agency हो, महत्वपूर्ण संस्था हो । यसले चाहिँ १८० वटा मुलुकमा अध्ययन गर्दाखेरि हामी चाहिँ १०८ ओटा मुलुक भित्र परेका छौं । र निरङ्कुश शासन व्यवस्था भएको मुलुकमा मात्र होइन ।

हाम्रो जस्तो लोकतन्त्र भएको मुलुक पनि भ्रष्टाचारी बनेको  देखिन्छ । र भ्रष्टाचारको न्यूनीकरण नभईकन सुशासन हुँदैन भन्ने विश्वव्यापी अवधारणा हो ।हाम्रो मात्र होइन, नेपालको मात्र हैन । र यो भ्रष्टाचारको न्यूनीकरण गर्नको लागि चाहिँ दण्डहीनताको अन्त्य हुनुपर्‍यो। दण्डहीनताको अन्त्य नहुँदा सम्म यो दण्डहीनता भन्ने कुरोलाई हामीले हाम्रो तीनवटा संरचना छन् । बलियो संरचना अझ पत्रकारिता स्वतन्त्र पत्रकारिता पनि छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका कसले कसलाई हस्तक्षेप गरेको छ । कसले कसलाई हस्तक्षेप गर्न बाँकी राखेको छ । यी कुराहरू गम्भीरताका साथ लिने कि न लिने । अनि दण्डहीनताको अन्त्य नहुँदा सम्म भ्रष्टाचारको न्यूनीकरण पनि हुँदैन । भ्रष्टाचारको न्यूनीकरण नभईकन, भ्रष्टाचारको अन्त नभईकन सुशासन हुँदैन । हाम्रो जस्तो देशमा भ्रष्टाचारको निर्मूल नभईकन सुशासन कसरी हुन सक्छ? सरकारले बोलेको छ । मलाई लाग्छ, प्रधानमन्त्रीको पनि इच्छा शक्ति एकदम छ जस्तो मलाई लागेको छ । हामीले बोलेको सुनेका छौं। इच्छा शक्तिले राखेको देखेका छौं तर कहाँनिर कुरा बिग्रिएको छ?  मलाई थाहा छैन  अध्यक्षज्यू । तर यदि त्यो चाहिँ हामीले नेपाली जनताको उच्च शिर राख्ने नै हो भने यी कुराहरूलाई ध्यान चाहिँ दिनु पर्‍यो । र हामी निरङ्कुश व्यवस्थामा मात्र भ्रष्टाचार हुन्छ, दण्डहीनता हुन्छ भन्नेतिर लागे भने हामी चाहिँ कहिँ पनि पुग्न सक्दैनौं । हामीले हाम्रो शासन व्यवस्थालाई गर्वका साथ, हामी संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका नागरिक हौं भन्नको निम्ति भ्रष्टाचार निर्मूल गर्न पर्‍यो । भ्रष्टाचारको निर्मूल गर्नको निम्ति दण्डहीनताको अन्त गर्नुपर्यो । दण्डहीनताको अन्त नभईकन सुशासन हुन  सक्दैन, भ्रष्टाचारको अन्त्य नभईकन सुशासन हुन सक्दैन । र अन्तमा अध्यक्षज्यू, अब हामी कहाँनेरी बिग्रिएको छ? के भएको छ? न्यायालयसँग पनि, कहिले कहिले त देखिन्छ राम्रै गर्यो जस्तो लाग्छ तर कहिले कहिले चाहिँ न्यायालयमा पनि के को प्रभाव परेको छ? मलाई थाहा छैन । न्यायालयलाई पनि सोच्नुपर्ने अवस्था आएको छ । र कार्यपालिकाले कुनै पनि ठाउँमा हस्तक्षेप गर्न बाँकी राखेको छैन । अनि यो स्थितिमा हामी कहाँ पुग्न सक्छौं ? र अन्तमा चाहिँ भन्नु पर्दा अब हामी एक ठाउँमा उभिने कि न उभिने यो रोगको अन्त गर्नको लागि ? हामी सबै राजनीतिक पार्टीहरू एक ठाउँमा उभिन सक्छौं कि सक्दैनौं? र भ्रष्टाचारको अन्त्य गर्नको लागि हामी गम्भीर भएर सोच्ने बेला भएको छ । र गम्भीर भएर गम्भीरताका साथ छलफल गरेर, सबै एक ठाउँमा उभिएर कोही शासनमा जाँदा पनि परिस्थिति यस्तै हो । कसैले पनि केही गर्न सक्छ यो अवस्थामा कसैले केही गर्न सक्छ जस्तो मलाई लाग्दैन । त्यसले गर्दा अब .....(समय सकिएको )

**सम्माननीय अध्यक्ष**:- माननीय सिंग वहादुर विश्वकर्मा । समय ६ मिनेट । त्यसपछि माननीय मोहम्मद खालिद ।

(११:४२ बजे) **माननीय श्री सिंग वहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यो १५औं अधिवेशनको दोस्रो दिनको बैठकमा मेरो केही कुराहरू राख्ने अनुमति चाहन्छु । सर्वप्रथम, नवनिर्वाचित १९ जना माननीयज्यूहरूलाई यो गरिमामय सदनमा उहाँहरूलाई बधाई तथा उहाँहरूको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, अहिले पनि हामी नेपालीको जीवन निर्वाह गर्ने मुख्य पेशा भनेको कृषि नै हो । त्यसैले हाम्रो जमिन, जीविका कृषिमा आधारित छ । कृषि उत्पादनको लागि नभई नहुने कुरा भनेको जमिन हो । हाम्रा प्रचलित कानुनहरूले जमिनको स्वामित्व विभिन्न रूपमा विभाजन गरेको छ । निजी, सामुदायिक, कम्पनी, गुठी, सरकारीलगायतको स्वामित्वमा जमिन विभाजित छ । जसका नाममा स्वामित्व कायम भए पनि विवादरहित हुन आवश्यक छ । कानुनले निर्धारण गरेबमोजिम स्वामित्ववालाले उपभोग गर्न पाउने अवस्था कहीं कतै बाधा अड्काउ नहुने हुनुपर्दछ । सम्माननीय अध्यक्षज्यू, सिन्धुपाल्चोक जिल्लामा जग्गाको स्वामित्वसम्बन्धी केही समस्याहरू रहेका छन् । लामो समयदेखि उपभोग गर्दै आएको, नापीनक्सा पनि भएको तर दर्तामा छुट भएको कारणले जनताले दुःख पाएका छन् । त्यस्तै बाबु बाजेको पालादेखि उपभोग गर्दै आएका जग्गा जमिन नापीनक्सा नमिलेको हुनाले सिमानामा तेरो, मेरो भनी विवाद उत्पन्न भएका छन् । उपभोग गरिरहेकोले छोड्ने अवस्था छैन । नक्सावालाले दाबी गर्दा झगडा भई अशान्ति अन्य भएको छ । मानिसहरूले पुस्तौंदेखि भोग/उपभोग गर्दै आएका जग्गा जमिन गुठीका नाममा राखिएको कारणले पनि समस्या भइरहेको छ । सम्माननीय अध्यक्षज्यू, सरकारले यी समस्याहरूलाई समाधान गरी जनताले जिउ, ज्यान र सम्पत्तिको संरक्षण गर्नुपर्दछ । जनताले आफ्नो सम्पत्तिको उपभोग सहज र स्वाभाविक रूपमा गर्न पाउनुपर्दछ । एउटाको सम्पत्तिलाई अर्कोले मेरो हो भनी विवाद र झैझगडा गर्ने अवस्था हुन दिनुहुँदैन । सम्माननीय अध्यक्षज्यू, मैले उठाएका यी समस्याहरू सिन्धुपाल्चोकलगायतका जिल्लामा रहेका छन् । दर्ता छुट, दर्ता हुन छुटेका छुट जग्गालाई दर्ता हुने व्यवस्था मिलाउन एउटाले उपभोग गरिएको जग्गा अर्काको व्यक्तिका नाममा नापनक्सा भएको खराबीलाई सच्याउन र पुस्तौंदेखि उपभोग गर्दै आएका व्यक्तिका जग्गा जमिन गुठीबाट अलग गरी व्यक्तिकै नाममा नामसारी गर्ने व्यवस्था गरिदिन सरकारको ध्यान आकर्षित गराउँदछु ।

फेरि पनि यो धेरै जिल्लामा चाहिँ कित्ताकाटहरू गर्नलाई पनि एकदम विपत्ति, माल र भूमि बनाउन अब भूमि हाम्रो अब जुन मालपोत र नापीमा एकदम अप्ठ्यारो परेको कुराहरू छन् । त्यसैले गर्दाखेरि चाहिँ यो छिटोभन्दा छिटो सम्बन्धित मन्त्रालयले, यो जुन अब दर्ता छुटको, फुकुवाको लागि जिल्ला जिल्लामा तुरुन्तै जानकारी पठाएर प्रत्येक वडा र पालिकामा सम्म यो भएन भने जनताहरूले बढी दुःख पाउने स्थिति छ, भन्ने कुराहरू राख्दै आफ्नो भनाई अन्त्य गर्छु । धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय मोहम्मद खालिद । समय ५ मिनेट । त्यसपछि माननीय शेखर कुमार सिंह ।

**(११:४७ बजे) <u>माननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी, नेपाल)</u>**:- सम्माननीय अध्यक्षज्यू, सबभन्दा पहिला म यस राष्ट्रिय सभा, हाल भएको राष्ट्रिय सभा निर्वाचनलाई सुसम्पन्न गराउनको लागि सरकारलाई धन्यवाद दिन चाहन्छु । साथै नवनिर्वाचित हाम्रा १९ जना साथीहरूलाई पनि म उहाँको सफलताको, सफल कार्यकालको शुभकामना राख्दै उहाँहरूलाई पनि धन्यवाद दिन चाहन्छु । आज संघीय संसदका महासचिवले शपथ लिनुभएछ । उहाँलाई पनि म बधाई र शुभकामना दिन चाहन्छु ।

सम्माननीय अध्यक्षज्यू, नेपालको संविधानको प्रस्तावनामै समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गर्दै भाग ३ मौलिक अधिकार र कर्तव्यअन्तर्गत धारा १८ र ४२ आदिले सामाजिक तथा सांस्कृतिक रूपले पिछडिएका, दलित, मधेसी, जनजाति, आदिवासी, मुस्लिम समुदायलगायतलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने छ भनी सुनिश्चित गर्दै भाग ४ राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्वअन्तर्गत सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिमा सबैलाई सामाजिक तथा सांस्कृतिक, आर्थिक अवसर र लाभको समान वितरण तथा संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभको लागि विशेष व्यवस्था गर्ने लगायतको व्यवस्था गरिएको थियो । थियो म भन्दै छु । किनभने यो मर्मअनुसार, संविधानको मर्मअनुसार कुनै पनि सरकार अहिलेसम्म पूर्णरूपले काम गरेको छैन । मधेसको अवस्था यदि हामीले हेर्छौं भने त्यहाँ दिने बजेटको अनुपात हास्यास्पद छ । संसारमा कहीं कतै नहुने यस्ता विभेद मधेससँग भइरहेको छ र त्यो भूभागसँग भइरहेको छ । यस्तो असमान र असन्तुलित बजेटलाई र आर्थिक साधन स्रोतको बाँडफाँटलाई कदापि न्यायोचित

भन्न सकिँदैन । र त्योबाट sustainable development को जुन सपना हामीले यो संविधानमा देखाएका थियौं, त्यो कहिले पनि साकार हुन सक्दैन, मेरो धारणा हो ।

मधेसलाई अपहेलनाको जुन क्रम पञ्चायत कालदेखि अठाइसौं वर्षदेखि चलिआइरहेको थियो, त्यसको निरन्तरता आज पनि उस्तै छ । बजेटको कुरा छोडौं, बरु यस्ता नीति र यस्ता योजनाहरू आइरहेका छन् । जसरी चुरे उत्खनन्, अहिले मधेसको अवस्था के छ, त्यहाँ पानीको layer तल खस्किँदै गएको छ । अनि भोलिका दिनमा यो चुरे उत्खनन् भयो भन्ने मधेसको, यो जुन यो संसारको सबभन्दा उर्वर भूमि रहेको छ, त्यो मरुभूमिमा परिणत हुन्छ । के यसबाट मधेसलाई मात्र घाटा हुन्छ? कि सिङ्गो नेपाललाई घाटा हुन्छ? यतातिर ध्यान दिनुपर्छ । हामीले संविधानका मर्मलाई ध्यानमा र विचारमा राखेनौं । आज हामी हेरौं कि विशेष गरी देशमा दुईवटा समुदाय दलित र मुस्लिमको के अवस्था छ? हामीले नै प्रस्तुत गरेका छौं HDI (Human Development Index), त्यसमा तपाईंको मानव विकास सूचाङ्कमा सबभन्दा दयनीय अवस्था दलित र मुस्लिमको छ । दलित र मुस्लिमको आय allocation मा पनि एकदमै दयनीय अवस्था रहेको छ । प्रतिव्यक्ति आयमा पनि दलित र मुस्लिमको एकदमै दयनीय अवस्था रहेको छ । १३ प्रतिशत मधेस प्रदेशमा भएको जनसङ्ख्या, मुस्लिम जनसङ्ख्यामा सबभन्दा दयनीय अवस्था मुस्लिम समुदायको रहेको छ । त्यसले गर्दा आउने यो pre-budget मा नै यी समुदायहरूलाई लक्षित गरी र विशेष गरी मधेस प्रदेश र अन्य प्रदेश, पिछडिएका प्रदेशहरूलाई लक्षित गरी हामीले बजेट बनाउनुपर्छ भन्ने म आग्रह राख्दै म आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद, जय मातृभूमि ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय शेखर कुमार सिंह । समय ५ मिनेट । त्यसपछि माननीय तुल प्रसाद विश्वकर्मा ।

**(११:५२ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी पन्ध्रौं अधिवेशनको सुरुवातमा छौं । यो पन्ध्रौं अधिवेशन नेपाल र नेपालीको लागि सफलतामूलक सिद्ध होस्, जसको कामना पनि गर्दछु । हामी चौधौं अधिवेशनमा थाँती राख्या निजामती कर्मचारी ऐनलगायतका शिक्षा ऐन, स्वास्थ्य ऐन, यस्ता ऐनहरू थाँती नराखौं । यो पन्ध्रौं अधिवेशनको सुरुवातमै सरकारसँग हाम्रो विनम्र अनुरोध छ । यस्ता ऐनहरू ल्याइदिएर हामी पनि सक्रियतापूर्वक यसलाई पास गरेर नेपाल र नेपालीको खुसियालीमा खुसियाली थपौं । निश्चित रूपमा हामी पनि सिङ्गो नेपाल त्यसमा पनि मधेस

प्रदेशबाट प्रतिनिधित्व गर्दै आएको छु । मधेस प्रदेशको अवस्था माननीयजी भर्नेरै गइसक्नुभएको रहेछ । त्यसमा मेरो केही थप्ने कुरो छैन । नितान्त सही हो । मैले पनि यो रोस्टममा पटकपटक चुरेको लागि उठाउँदै आएको छु । चुरे संरक्षणसम्बन्धी धेरै विकासे योजनाहरू हामी पनि हेर्न, सुन्न पाइराख्या छौं । तर क्षेत्रमा चाहिँ त्यहाँ देख्न पाइएन । त्यसको अवस्था दिनानुदिन खस्कदै गा' छन् । चुरे उत्खनन् बन्द भा' छैन । बरु त्यहाँ सबभन्दा उर्वर भूमि मरुभूमितिर परिणत हुँदै जाँदै छ, यसलाई कसले बचाउ गर्ने त? यो त सरकारको प्रथम कर्तव्यभित्र आउँदैन र? त्यो त हामी सम्पूर्ण नेपाल र नेपालीको भूमि हो नि त्यो त । त्यसमा सरकारको ध्यान जाओस् ।

सँगै हामीले सदियौंदेखि भन्दै आइराख्या छु र सरकारले अगाडि पनि राख्नुभो' । रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको बोर्ड पनि ल्यासक्यो, जग्गा पनि प्राप्त भइसक्यो, यसपालि मैले त्यहीं छेउबाट जाँदाखेरि त्यो फिनिसिङ बार लगाएको छ, अझ केही पनि भा' छैन । त्यसमा पनि सरकारको ध्यान पुगोस् । किन अगर कुनै संस्था सुरुवात गरिन्छ भने त्यसको सम्पन्नता पनि दायित्व सरकारकै हुन्छ । त्यसैमा जोड दिएर म भन्न चाहन्छु यथाशीघ्र त्यो स्वास्थ्य विज्ञान प्रतिष्ठान आओस् र म यसै सदनबाट सरकारले पुनः घोषणा गर्नुहुन्छ कि? मैले उम्मीद गऱ्या छु ।

धेरै प्रतिक्षापछि यो सदनले महासचिव पाउनुभा' रहेछ । महासचिवजीलाई अहिले हार्दिक बधाई त्यहीं दिएर आ'को थिएँ । धन्यवाद पनि दिएर आएको छु । उहाँको कार्यकाल पनि सुखद र सफल रहन्छ । त्यसका लागि पनि पुनः धन्यवाद दिँदै र यो पन्ध्रौं अधिवेशन नेपाल र नेपालीका लागि सार्थकता बनोस् भन्दै म आफ्नो दुई शब्द यहीं अन्त्य गर्दछु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तुल प्रसाद विश्वकर्मा समय ५ मिनेट । त्यसपछि माननीय खिमलाल देवकोटा।

**(११:५७ बजे) माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)ः**- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम म नवनिर्वाचित महासचिवज्यूलाई बधाई ज्ञापन गर्न चाहन्छु र उहाँको सफल कार्यकालको कामना गर्दछु । हामीले निरङ्कुश राजतन्त्र फालेर गणतन्त्र ल्यायौं र गणतान्त्रिक संविधान पनि हामीले जारी गऱ्यौं । त्यो संविधान अन्तर्गत यो देशका सम्पूर्ण जातजाति, वर्ग, समुदाय, सिमान्तकृत सबै वर्गहरूलाई समान न्याय र उनीहरूको हक अधिकारको सुनिश्चित पनि हामीले संविधानमा गऱ्यौं । र आज व्यवहारमा हेर्दाखेरि, ती मौलिक हक र अधिकारहरू

कार्यान्वयन नभएको हामीले पाइरहेका छौं । विशेष गरेर सामाजिक न्यायको क्षेत्र अत्यन्त कमजोर छ । विशेष गरेर यो समाजका सबै भन्दा उत्पीडित अवस्थामा रहेको दलितहरू जुन एउटा समाजमा छुवाछुत भेदभाव भोगिरहेका छन् । त्यो घट्नुको चाहिँ सट्टा अझ वृद्धि भएर गइरहेको छ । देशका विभिन्न भागमा थुप्रै विभेदका घटनाहरू आइरहेका छन् । हामीलाई थाहा छ एकजना नर्स नियुक्ति लिएर आफ्नो जिम्मेवारी पूरा गर्नलाई जान्छिन् । तर केही दिनपछि उनी दलित भएको जानकारी भएपछि उनलाई घरबाट निकालिन्छ, डेराबाट निकालिन्छ । र उनले आफ्नो जिम्मेवारी पूरा गर्ने अवसर पनि हुँदैन । कहाँ बस्ने, कहाँ खाने ।

त्यसप्रकारको अवस्था आठ, नौ महिनासम्म उनले त्यो चाहिँ पीडा भोग्छिन् । त्यसपछि मात्र त्यो कुरो चाहिँ उनी बाहिर ल्याउँछिन् । र स्वयं स्वास्थ्य केन्द्रका जिम्मेवार व्यक्तिले समेत पछि उनको साथ दिन छोडेपछि यो कुरा बाहिर आउँछ । तर यसखालको दर्दनाक अवस्था, एउटा दलित समुदायमै जन्मेको कारण यो देशको संविधान र कानुनले नदिएको अधिकार प्रयोग गरेर स्थानीय रूढीवादी संस्कारको आधारमा उनीमाथि जुन किसिमको उत्पीडन र जुन किसिमको टर्चर भयो । त्यो अत्यन्तै दुःखदायी कुरा हो । त्यसैगरी काभ्रे जिल्लामा एक जना भण्डारी थरको युवकसँग दलित युवतीको प्रेम हुन्छ र उनीहरूको विवाह हुन्छ । ती देवकी वि.क.लाई दलित भएकै कारण घरमा चाहिँ भित्र्याईंदैन । त्यसैगरी बारामा, बाराको घटना आएको छ बारा जिल्लामा कि त्यहाँ दलित जातिको, दलित समुदायको केटासँग प्रेम गरेको कारणले आफ्नै बुवाले आफ्नो छोरीको हत्या गरेको कुरा आइरहेको छ । त्यस्तै धादिङ्मा चाहिँ विगतमा बाजा बजाउने दलित समुदायका कलाकार कर्मीहरूलाई स्थानीयहरूले पानी समेत छोएको निहुँमा कुटपिट गरेको घटनाहरू आइरहेको छन् । यसैले दिनौ दिन समाजिक न्यायको जुन एउटा उपहास भइरहेको छ । यस प्रति सरकारको ध्यान गइरहेको छैन। त्यसैले सरकारलाई गणतान्त्रिक संविधान अनुसार सामाजिक रूपान्तरणको निम्ति हामीले जुन ध्यान दिनुपर्ने हो, त्यो हामीले दिन सकिरहेका छैनौं । सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु । र सामाजिक न्यायलाई स्थापित गर्नको लागि सरकारले विशेष कार्यक्रम ल्याओस् । र यो पन्ध्रौं बजेटमा त्यस कुरामा चाहिँ नि सरकारको ध्यान जाओस् भन्ने मैले विशेष आग्रह गर्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय खिमलाल देवकोटा । समय ५ मिनेट । त्यसपछि माननीय बामदेव गौतम ।

**(१२:०३ बजे) <u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**: सम्माननीय अध्यक्ष महोदय, मूल विषयमा प्रवेश गर्नभन्दा अगाडि हालै निर्वाचित राष्ट्रिय सभाका १९ जना सांसदहरूलाई बधाई छ । यसै गरी नवनियुक्त संसदका महासचिव पद्मप्रसाद पाण्डेयलाई समेत बधाई छ । निर्वाचित सांसद र महासचिवको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्दछु ।

अध्यक्ष महोदय, नेपाली जनताको ठुलो त्याग र तपस्याबाट प्राप्त संघीय लोकतान्त्रिक शासन व्यवस्थालाई कमजोर पार्ने विभिन्न चलखेलहरू भइरहेका छन् । तर सचेत नागरिकहरू यसको खिलाफमा छन् । वास्तवमा जनताले त्यो शासन व्यवस्थाको माध्यमबाट चाहेको विकास, समृद्धि, सुशासन, स्थायी शान्ति र विधिको शासन हो । तर केही नेताहरूको व्यवहारलगायतका कारण जनताहरू आजित छन् । परिवर्तन र शुद्धीकरण चाहिरहेका छन् । नमरुन्जेल पद नै चाहिन्छ भन्ने लोभलालचका कारण राजनीतिमा शुद्धीकरण हुन सकेको छैन । केही नेताहरूको देखिने आम्दानीको स्रोत छैन तर उनीहरूको रहनसहन र उठबस कुनै धनाढ्य व्यापारीको भन्दा कम छैन । दलाल र बिचौलियाहरूको बिगबिगी राज्यका हरेक अङ्ग र निकायहरूमा छ । राजनीतिमा अपराधीकरण ठुलो चुनौतीको रूपमा छ । वास्तवमा जनताले खोजेको परिवर्तन यसमा पनि हो ।

अध्यक्ष महोदय, मैले यही सदनमा कैयौं चोटि बोलेको छु । कति पटक सांसद हुने? कति पटक मन्त्री हुने? कति पटक प्रधानमन्त्री हुने? यसमा हामी सीमा निर्धारण गर्नुपर्छ कि पर्दैन? नेताहरूले नेपाललाई स्वीट्जरल्यान्ड बनाउँछु भनेर बोल्ने गरेको म केटाकेटीदेखि नै सुनेको हो । तर स्वीट्जरल्यान्डको राजनीति किन सफा छ? कसरी विकासमा छलाङ मारेको छ? हामीले कहिले मन्थन गरेका छौं? अर्थशास्त्रको सामान्य सिद्धान्तअनुसार देशको भकारी त्यसलाई कुल जीडीपी उत्पादन जे भनौं धेरै हुनुपर्‍यो । जुन देशको ठुलो छ । त्यो देशको जीडीपी धेरै हुन्छ । निश्चित रूपमा तर विडम्बना नेपालको भन्दा २ गुना धेरै त स्वीट्जरल्यान्डको जीडीपी नै छ । प्रतिव्यक्ति आयको कुरा गर्ने हो भने नेपालको भन्दा ७६ गुना बढी प्रतिव्यक्ति आय Per Capita Income स्वीट्जरल्यान्डको रहेछ । भूगोल र जनसङ्ख्यामा भन्दा नेपाल स्वीट्जरल्यान्डभन्दा चार गुना ठुलो छ । आईएमफको अनलाइन डेटाअनुसारै स्वीट्जरल्यान्डको जीडीपी ९०६ अर्ब अमेरिकी डलर छ । जब कि नेपालको जम्मा ४१ अर्ब अमेरिकी डलर छ । प्रतिव्यक्ति आयको कुरा गर्ने हो भने नेपालको १३५३ अमेरिकी डलर छ । स्वीट्जरल्यान्डको १ लाख ३ हजार अमेरिकी डलर छ । र एकछिनलाई प्रतिव्यक्ति आयलाई छोडिदिऊँ । तर नेपालभन्दा धेरै सानो देशको जीडीपी नेपालको भन्दा कैयौं गुना ठुलो हुनु हाम्रो लागि लज्जाको विषय हो कि होइन? अर्थतन्त्र र विकासको त चर्चै नगरौं ।

दूरदराजसम्म सडक यातायातको र रेलको सञ्जाल छ । पहाड पहाडहरूमा सुरुङ त सामान्यजस्तै छ । सहरका सडक, गल्लीहरू सफा र सुन्दर छन् । एक टुक्रा कागज पनि भुँईमा देखिँदैन । सहर बजारका खोलानाला र नदीहरू एकदम सफा छन् । शिक्षा स्वास्थ्यलगायत सामाजिक सुरक्षामा राज्यको प्रत्यक्ष सहयोग र निगरानी छ । राज्यका हरेक नियकाले जनतालाई सेवा प्रवाह गर्दा सन्निकटताको सिद्धान्तलाई आत्मसात गर्नुपर्छ भन्ने सन्देश संविधानमै लेखिएको छ । स्वीट्जरल्यान्डको भाषण गर्नेले त्यो त्यसले कसरी चमत्कार गऱ्यो भनेर जान्नुपर्दैन? सिक्नुपर्दैन?

अध्यक्ष महोदय, स्वीट्जरल्यान्डको राजनीति एकदम सफा छ । पूरै विधिको शासन छ । निर्णय प्रक्रियामा नागरिकहरूको पूर्ण सहभागिता छ । कुनै नयाँ विधेयक होस् अथवा कुनै नयाँ परियोजना होस् सबभन्दा पहिला सरोकारवालासँग छलफल गर्नुपर्छ भनेर संविधानमै लेखिएको छ । संसदले पास गरेका विधेयक र सरकारले ल्याएको कुनै परियोजनालाई समेत नागरिकले direct democracy को माध्यमबाट उल्टाइदिन सक्ने त्यो सुविधा त्यहाँको संविधानले दिएको छ । त्यहाँको संसद र सरकारले जहिले पनि नागरिकलाई सर्वोपरी ठानेर निर्णय गर्छन्, direct democracy का कारण Conflict of Interest को त कल्पना नै गर्न सकिँदैन । सरकार निर्माणलगायतमा दुवै संसदको बराबर भूमिका छ । संसदलाई अदालतको गतिविधिमा समेत अनुगमन र निगरानी गर्ने अधिकार छ । वास्तवमा यो मैले अरू देशमा पाइन, स्वीट्जरल्यान्डमा मैले पाएँ । मैले एक मिनेट समय थप पनि मागें अध्यक्षज्यू । सांसदले सांसदले तलबै पाउँदो रैन्छन् । सांसदले तलब पाउँदैनन् । आफ्नो मूल व्यवसाय, पेसा जे हो त्यही गर्छन् । सांसदको पद भनेको पार्ट टाइमको जस्तो रहेछ । प्राध्यापक, शिक्षक, वकिल, किसान व्यापारी र जसको जे पेसा छ त्यही गर्ने हो । सांसद मन्त्री बन्न पाउँदैनन् । मन्त्रीको सङ्ख्या जम्मा ७ जनाको छ । यिनीहरूको निर्वाचन संसदले गर्छ । जुनसुकै नागारिकले पनि मन्त्रीको निर्वाचनमा उम्मेदवार दिन सक्दा रहेछन् । राष्ट्रपतिको कार्यकाल जम्मा एक वर्षको हुँदो रहेछ । तर राष्ट्रपति दोहोरिँदैन त्यहाँ । दोहोरिन नपाउने व्यवस्था संविधानमा लेखिएको छ ।

**सम्माननीय अध्यक्ष**:- माननीय बामदेव गौतम । समय ५ मिनेट । त्यसपछि माननीय विना पोखरेल ।

(१२:०९ बजे) **मानननीय श्री बामदेव गौतम (मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम संघीय संसदका महासचिव पद्मप्रसाद पाण्डेयजीलाई नयाँ जिम्मेवारी बहन गर्न पाउनुभएकोमा हार्दिक बधाई दिन चाहन्छु । सफलताको कामना गर्दछु ।

आज मैले अर्थतन्त्रको सम्बन्धमा थोरै आफ्ना विचारहरू राख्न चाहन्छु । अहिले नेपाली अर्थतन्त्र धराशायी भइरहको छ । तर यसलाई सुधार गर्न सकिन्छ । मैले नकारात्मक ढङ्गले मात्रै कुनै पनि विषयवस्तुलाई प्रस्तुत गर्दिन । त्यसको साथसाथै अर्कोतिर पनि हेर्न पर्छ र सरकारमा भएकाहरूले मात्रै त्यो जिम्मेवारी वहन गर्न पर्छ भन्ने होइन, सरकारमा नरहेका र सर्वसाधारण जनताले पनि चाहने विषय भनेको नेपाल कसरी समृद्ध हुन सक्छ, आर्थिक रूपले सामाजिक रूपले, सांस्कृतिक रूपले त्यो कसरी समृद्ध हुन सक्छ भनेर भन्ने विषयमा सबैले चिन्तन मनन गर्न पर्छ । र साँच्चिकै व्यावहारिक रूपमा कसरी त्यस्तो हुन सक्छ यो देश? भन्ने सम्बन्धमा सोच विचार गर्नुपर्छ । यो सरकार मात्रै होइन । पूर्ववर्ती सरकारहरू नयाँ संविधान जारी भएपछि कुनै पनि सरकारले त्यसलाई सुधार गर्ने प्रयत्न गरेनन् । नेपालको संविधानमा त्यसको प्रस्तावना भनेको छ, प्रस्तावना भनेको मुटु हो संविधानको । कुनै पनि प्रस्तावना त्यत्तिकै महत्त्वपूर्ण हुन्छ जो संविधान रहेको हुन्छ । त्यसमा भनिएको छ । लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समृद्ध समाजवाद निर्माण गर्ने काम चाहिँ यो संविधानको हो । नेपाली जनताको हो, यो संविधान जारी गर्नेहरूको हो र बहुदलीय प्रतिस्पर्धाको प्रणालीबाट कस्तो किसिमको समाज निर्माण गर्नुपर्छ त्यो समाज निर्माण गर्ने परिकल्पना त्यो संविधान निर्माण गर्नेले त्यसैको लागि लेखेका छन् । मैले त्यो संविधान निर्माण गर्नेमा मेरो तर्फबाट अत्यधिक सक्रियता मैले प्रकट गरेको हुँ । र त्यो संविधानमा ती विषयहरू समावेश भएका छन् । र त्यो कम्युनिष्ट र काँग्रेसको साझा विषय बनेर यो प्रस्तावनामा यो विषय समावेश गरियो । मार्क्सवादीहरू र गैरमार्क्सवादीहरू सबै यसमा सहमत छन् । तर आजसम्म भएका प्रधानमन्त्रीले बहुदलीय प्रतिस्पर्धाको प्रणालीबाट समाजवाद निर्माण गर्न सकिन्छ भनेर एउटा ढाँचा पनि प्रस्तुत गर्नुभएको छैन, कसैले पनि गर्नुभएको छैन । त्यसो भएर हामी पछाडि छौं । आज पनि हामीले हामीले बाटो देखाउन सकेका छैनौं र हामीले उदाहरण दिने हो यो देश कसरी गयो । त्यो देश कसरी गयो तर नेपाल कसरी जान सक्छ भनेर भन्ने हामीले पनि भन्न सक्या छैनौं । हामीले पनि आलोचना गरेर आफ्ना विचारहरू राख्न सकेका छैनौं । अहिले भर्खरकै सम्बन्धमा अहिले भर्खरकै आर्थिक स्थितिको सम्बन्धमा मात्रै म भन्न चाहन्छु कि । ५ मिनेटमा मैले बोल्नुपर्छ । र यो अपमानजनक पदमा कहिलेदेखि मुक्त हुन पाइएला भनेर भन्नेबाहेक मलाई लाग्छ तैपनि अब मैले त यो समय सकिन थाल्यो ।

वैदेशिक रोजगारीबाट प्राप्त रकम जनताको रगत र पसिना हो । र त्यो सम्पत्ति हो नेपालको, त्यो रकमलाई अहिले झन्डै झन्डै २०/२२ खर्ब चाहिँ पुग्छ होला यो वर्षमा, त्योभन्दा पनि बढी आउँदै छ त्यसलाई नेपाल सरकारले आफ्नो राष्ट्र बैङ्कमा राखोस् या अरू कुनै बैङ्कमा राखोस्, त्यस बेलासम्म १० प्रतिशतभन्दा न्यूनतम १० प्रतिशत ब्याज दिएर । त्यसलाई राख्न पर्छ । आउँदाबित्तिकैदेखि त्यो ब्याज उसै जनताले पाउनपर्छ । जसले पठाएका हुन् । उनीहरूको हक हुनुपर्छ । त्यो हुनुपर्छ ।

दोस्रो यही २०/२२ खर्ब रुपियाँको आधारमा नेपाललाई समृद्ध बनाउने योजना बनाउन सकिन्छ । त्यो योजनालाई कार्यान्वयन गर्न सकिन्छ । त्यसो गर्नको निम्ति यो पैसा कर्मचारीको तलब खुवाउनको निम्ति, ऋण तिर्नको निम्ति होइन । नेपाल विकास गर्नको निम्ति नेपालको उत्पादन वृद्धि गर्नको निम्ति, नेपालको निर्माण सम्पन्न गर्नको निम्ति मात्रै खर्च गर्न पर्छ । यत्ति मात्रै गर्न सकियो भने हाम्रो देश आगामी ५ वर्षमा सबै क्षेत्रमा आत्मनिर्भर हुन सक्छ । एउटा क्षेत्रमा मात्रै होइन, सबै क्षेत्रमा आत्मनिर्भर हुन सक्छ । र निरन्तर..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष** :- माननीय विना पोखरेल समय ७ मिनेट । त्यसपछि माननीय दिल कुमारी रावल थापा "पार्वती"।

(१२:१५ बजे) **माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- माननीय अध्यक्ष महोदय, पन्ध्रौं अधिवेशन को दोस्रो दिन मेरा केही धारणा राख्न गइरहेको छु । हामी शान्ति, हामी शान्ति प्रक्रियामा प्रवेश गरेको १७ वर्ष पुग्यो । नयाँ संविधान बनाएर लागू गरेको पनि आठ वर्ष बित्यो । संघीय ढाँचा अन्तर्गत हामी दुईपटक चुनावमा सहभागी भई सक्यौं । र नयाँ सरकारहरू पनि बने। स्थानीय तहदेखि संघीय सरकारले आवश्यक नीति, नियम ऐन, कानुन र संरचना बनाएर लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने, सुशासन कायम गर्ने तथा विकास नर्माण र समृद्धिको कामलाई अगाडि बढाउने प्रयत्न पनि गऱ्यो र गरिरहेकै छ । तर कोहिँ किन सन्तुष्ट छैन? न सरकार सन्तुष्ट छ, न हामी सांसद सन्तुष्ट छौं, न राजनीतिक दल सन्तुष्ट छन् ।जनता त झन् बढी असन्तुष्ट छन्। यस्तो किन भयो? यस्तो किन भइरहेको छ? यो असन्तुष्टिको मुख्य कारण के हो? हामी कहाँ चुक्दै छौं? हामी सांसदको भूमिका कहाँ पुगेन? सरकारको पहलकदमी, पहलकदमीमा कहाँ कमी रह्यो? किन सर्वत्र अविश्वास, निराशा र हीनतामा देखिन्छ? जतातातै कोही केही गर्दैनन् भनेर नकारात्मक आवाज मात्र किन सुनिन्छन्?

अध्यक्ष महोदय, वर्तमान सरकार, वर्तमान सरकारका सम्माननीय प्रधानमन्त्रीज्यूले बारम्बार क्रमभंगताको कुरो गर्नुभएको छ । अब म भाषण र आश्वासन होइन, report र card का साथै उपस्थित हुन्छु भनेर प्रतिबद्धता पनि व्यक्त गर्नु भएको छ । आफ्ना संरचना र संयन्त्रहरूलाई कडा निर्देशन पनि दिनुभएको छ । तर, तर पनि चर्चा हाम्रो नेपाली उखान चुच्चे ढुङ्गो उही टुङ्गो । जुन जोगी आए पनि कानै चिरेको, झोली नै भिरेको भन्ने जस्तो हुन छाडेको छैन । load shedding हट्यो देशभर बिजुली बल्यो । हामी बिजुली निर्यात गर्नेसक्ने भयौं। नेपाल विद्युतीय, विद्युत् प्राधिकरण नाफामा गयो, नेपाल वायुसेवा निगम नाफामा जाँदैछ । भौतिक विकास र पूर्वाधार क्षेत्रमा तीव्रतामा नै विकास भइरहेको छ । कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन जस्ता क्षेत्रमा पनि काम भइरहेकै छन् । तर हामीले चुनावको समय समयमा गर्ने गरेका बाचा र तत्कालै चमत्कार देखाइहाल्ने भाषण र  हाम्रो परम्परागत सोच र काम गर सोच र काम गर्ने तरिकामा अत्यन्तै ठुलो अन्तर छ । त्यसैले आवश्यकता र जनअपेक्षा पूरा गर्न नसकिएको हो भन्ने मलाई लाग्छ। अर्कोतिर, जस्तो समाज बनाउन हामी विभिन्न आन्दोलनमा सहभागिता भएर राज्य परिवर्तन गर्यौं । अहिले त्यस्तो भएन दलित समुदाय माथिको गैरकानुनी तथा अमानवीय व्यवहार र अपमान तथा महिला माथि विभिन्न प्रकारको हिंसा फेरि पुरानै अवस्थामा देखिन थाल्यो । रोजगारीको समस्या हल भएन । हाम्रा विश्वविद्यालय तथा क्याम्पसहरू खाली हुन थाले । ठुलो ठुलो परिमाणमा धराशायी बनिरहने क्रम अझ बढ्यो । दलीय खिचातानी र भागबन्डा जहाँ जहाँ चल्यों ती संस्थाहरू सबै धराशायी भए ।त्यसैले अब पुराना, ढिलाढाला शैली, थोत्रो ऐन तथा नियम कानुन "सरकारी काम,  काम कहिले जाला घाम" को कार्यशैली तुरुन्त परिवर्तन गरिनुपर्दछ । राज्य सरकारका साधैं असफल निजी क्षेत्र सधैं सफल यो स्थितिको अन्त्य गर्न अब एक चरण राजनीतिक निर्णयको आधारमा कतिपय कामहरू गरिनुपर्दछ । यस सन्दर्भमा उदाहरणस्वरुप एकाध सुझावहरू राख्न चाहन्छु ।

सुकुम्बारी समस्या आयोगबाट मात्र हल हुने देखिएन । आफैले ढालफाँट गरेर चालीस, पचास वर्ष अगाडिदेखि भोग चलन गरेको जग्गाको धनी पुर्जा भूमाफियाको हातमा । आयोगले पूर्जा वितरण गर्न सक्ने अवस्थामा जमिनको अर्को करको ठाउँमा किन्दा पनि महँगो पर्ने, त्यसैले अब नागरिकता वितरण गरे जस्तै गरी एकपटक पन्ध्र विस वर्षदेखि स्थानीय बसोवास गरी भोगचलन गरी, गरिरहेका सुकुम्बासीलाई एउटै अभियानमा थोरै थोरै करमा धनी पूर्जा दिनु पर्छ र त्यसपछि आएका समस्याका कानुन हल पनि खोजिनु पर्दछ । अध्यक्ष महोदय, अहिले पुराना, रुग्ण तथा बन्द भइसकेका बुटवल धागो कारखाना, गोरखकाली टायर उद्योग, हेटौंडा कपडा उद्योग लगायतका उद्योगहरू पुनः सञ्चालनमा ल्याउने कुरा भइरहेको छ । बार बार राज्यको

दुरुपयोग पनि भएको देखिन्छ । पुराना र रुग्ण उद्योगहरूमा विराटनगर जुटमिल लगायतका कतिपय उद्योगहरू यसका राम्रा उदाहरणहरू छँदैछन् । राज्यले सामूहिक रुलमा जनताले उद्योग नचलाई, नचलाई आत्मनिर्भर अर्थतन्त्र बन्ने कुरा सोंच्न सकिँदैन । तर बालुवामा पानी हाले जस्तो कुरा नहोस् भने कुरामा सरकार अत्यन्त सचेत रहनुपर्दछ । मैले सक्न आँटे अध्यक्ष महोदय, अर्को कुरा उद्योग उद्योग सेनाले चलाउने कुरा कति उपयुक्त हुने हो । सेना, प्रहरी व्यावसायी हुने? पैसा कमाउने संस्था भएर पनि सुरक्षा व्यवस्था त्यसले पार्ने असर के हुन्छ? power जहाँ छ त्यसको दुरूपयोग पनि त्यहीं हुन्छ । हामी प्रष्ट देखिरहेका छौं यो सरकारले चलाएको भ्रष्टाचार विरुद्धको अभियानले किन तीव्रता पाएन? र अपेक्षित रुपमा किन सफल हुन सकेन त्यसैले यो विषयलाई पनि गम्भीरताका पूर्वक लिनुपर्दछ । रुग्ण उद्योग संचालन गर्न ......(समय सकिएको)

**सम्माननीय अध्यक्षः**- माननीय दिल कुमारी रावल थापा पार्वती । समय ८ मिनेट । त्यसपछि माननीय प्रकाश पन्थ ।

(१२:२३ बजे) **मानननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, नेपाली जनताले त्याग, बलिदान, सङ्घर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था प्राप्त गर्ने क्रममा विभिन्न चरणका आन्दोलन सङ्घर्षमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण अमर सहिदहरूप्रति म उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु । संवैधानिक र कानुनी व्यवस्थाअनुसार प्रत्येक दुई वर्षमा राष्ट्रिय सभाका एक तिहाई सदस्य निर्वाचित हुने र विदाई हुने व्यवस्थाअनुसार माघ ११ गते सम्पन्न राष्ट्रिय सभा निर्वाचनबाट निर्वाचित हुने सबै, निर्वाचित हुने सबै माननीय सदस्यहरूलाई म हार्दिक बधाई सफल र उपलब्धिपूर्ण कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, हाम्रा संसदले आज मात्रै महासचिव पाएको छ । सिंहदरबार र शीतल निवासको दूरी कति छ, मलाई थाहा छैन । संसदले सिफारिस गरेको ६० दिनपछि आज संसदले महासचिव पाएको छ । म नवनियुक्त महासचिवलाई बधाई दिन चाहन्छु । संघीय संसद सचिवालयको प्रभावकारिताविना सिङ्गो संसद प्रभावकारी बन्न सक्दैन । त्यसैले संसद व्यवस्थापन नवनियुक्त महासचिवले यतातर्फ ध्यान पुऱ्याउनुहुने छ भन्ने म विश्वास व्यक्त गर्न चाहन्छु ।

अब म प्रतिनिधित्व गर्ने जिल्ला चितवनको तर्फबाट केही कुरा यहाँ उठाउन चाहन्छु । कृषि उत्पादनमा अग्रणी जिल्ला चितवन दुध, तरकारी, केरा, कुखुराका अण्डा, कुखुराको

मासुलगायत उत्पादनमा अगाडि छ । तर उत्पादित कृषि उपजले बजारको सुनिश्चितता नहुँदा किसानको श्रम र पसिना बालुवामा पानी हालेसरह छ । किसानहरू निराश छन् । कृषि पेशाप्रति वितृष्णा छ, पलायनता हुँदै छ । यो दुःखद पक्ष छ । दुधको मात्रै कुरा गर्ने हो भने चितवन जिल्लामा ३ लाख ५० हजार लिटर दुध दैनिक उत्पादन हुन्छ । दुधको ५५% काठमाडौं उपत्यकासहित हेटौंडा र पोखरा जान्छ । जसको कारण चितवनका पशुपालक किसानहरूको जीवनयापनमा सहयोग पुगेको थियो । विगत केही वर्ष अगाडिदेखि milk holiday अन्त्य भएको थियो । फेरि किसानहरू उत्पादन गरेको यो दुध बिक्री गर्न अहिले समस्या भएको छ । दुध बिक्री हुन सकेको छैन । बिक्री गरेको किसानहरूको दुध किसानले ५ महिनादेखि भुक्तानी पाएका छैनन् । भुक्तानीका लागि आज चितवनका किसानहरू सिंहदरबार आउन परेको छ, प्रधानमन्त्रीलाई भेट्न परेको छ । आज एउटा किसानले आफूले बेचेको दुधको मूल्य, ५ महिना नपाउने, आफ्नो मूल्य माग्नको लागि सिंहदरबार आउने स्थिति कसरी बनेको छ? सबै कुरा सिंहदरबारै आउने भए, प्रधानमन्त्रीलाई भेट्नुपर्ने भए, विषयगत मन्त्रीहरूको काम के छ? म गम्भीरताका साथ यो प्रश्न उठाउन चाहन्छु । आज थुप्रै कुराहरू सुनिन्छ । हामीले उत्पादन गरेका, हाम्रो किसानले उत्पादन गरेका सामग्रीहरू बिक्री नहुने तथा भारतका एकाध कम्पनीहरूसँग सरकारकै पदाधिकारीको मिलीमतो हुने र त्यसले सहज पहुँच पाउने नेपाली बजारमा हाम्रो दुध बिक्री नहुने स्थिति छ । त्यसले गर्दा नेपाली किसानले उत्पादन गरेको वस्तुको बजार सुनिश्चितता हुनुपर्‍यो, बिक्री भएको मूल्य पाउन पर्‍यो । किसानमैत्री सरकार बन्न जरुरी छ । त्यसो भएको हुनाले कृषि क्षेत्रको बिमा कार्यक्रमलाई, दुध उत्पादन आयातमा कर बढाउनका लागि प्रभावकारी काम गर्नका लागि म सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

त्यस्तै गरेर सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकार सबै क्षेत्रमा असफल बन्दै गइरहेको छ । अघि चर्चा माननीयज्यूहरूले पनि उठाइसक्नुभएको छ । हामीले पनि सुरुवातबाट भन्दै आएको हाम्रो सन्तुलित परराष्ट्र नीति असंलग्न परराष्ट्र नीति हो । त्यसको मर्म र भावनाअनुसार वर्तमान सरकार चल्न सकेको छैन । आज वैदेशिक हस्तक्षेप बढेको छ । हामीले देखिरहेका छौं, रुसी सेनामा नेपालीहरूको अवस्था के छ? सरकारसँग डाटा छ? आज कति नेपाली नागरिक रुसी सेनामा भर्ना भएका छन्? युक्रेन सेनामा भर्ना भएका छन्? के सरकारसँग डाटा छ? छैन । आज रुसी सेनामा भर्ना भएर ज्यान गुमाएका ती परिवारहरू आफ्नो परिवारको सदस्य मृत्यु भएको पीडामा त्यो मृत शरीरलाई नेपाल फर्काउनका लागि, त्यहाँ रहेका आफ्ना परिवारलाई नेपाल फिर्ता बोलाउनका लागि रुसी राजदुतावास अगाडि धर्ना दिइरहँदा त्यो समस्याको समाधान गर्ने त कता हो कता, धर्नामा बसेका पीडित त्यो

परिवारहरूलाई प्रहरी हस्तक्षेप भएको छ । प्रहरीले लछारपछार गरेको छ । त्यो पीडा सम्बोधन गर्न भन्दा पनि त्यो पीडित नागरिकमाथि अझै नुन छर्किने काम सरकारले गरिरहेको छ । म सरकारलाई गम्भीरतापूर्वक भन्न चाहन्छु सरकार अभिभावक हो भने जनताका जायज मागहरू, जनताका पीडाहरू सम्बोधन गर्नतिर ध्यान दिने कि? सत्ता गठबन्धन टिकाउन मात्रै, सत्ता गठबन्धनका समस्या मिलाउने मात्रै सरकार र सरकारका मन्त्रीहरू, प्रधानमन्त्रीहरू, नेताहरू व्यस्त हुने हो भने नागरिकको पीडा कसले सुन्ने हो? यो आज महत्त्वपूर्ण अहम् प्रश्न उठेको छ, विषय उठिसकेको छ । इजरायलमा बेपत्ता रहेका विपिन जोशीको अवस्था के हो? उनका परिवार अहिले पनि छोरा आउने पर्खाइमा, आशामा पर्खिरहेको छ । विपिन जोशीको परिवारलाई यो सरकारको जवाफ के छ? म रुसका सन्दर्भमा भएका, इजरायलमा भएका समग्र यी सबै सवालमा नेपाल सरकार परराष्ट्र मन्त्रालयले के गरिरहेको छ? यसको तथ्य सत्य, यथार्थ यो सम्मानित सदनमा उपस्थित भएर जानकारी गराउनका लागि अध्यक्षज्यूमार्फत सरकारसँग जोडदार माग गर्न चाहन्छु । नेपाली जनताको त्याग, बलिदान र जीवन उत्सर्ग र प्राप्त गरेको वर्तमान राजनीतिक व्यवस्था हामीले प्राप्त गरेको मौलिक हक, हामीले प्राप्त गरेको स्वतन्त्रता आज खण्डित भएको छ । हामीले हिजो सडकमा रगत बगाएर ल्याएको व्यवस्था आज नागरिकले आफ्नो अधिकारको लागि आन्दोलन गर्दा, शान्तिपूर्ण धर्ना बस्दा, माग गर्दा आज नागरिकहरू सडकबाट लखेटिनुपर्ने स्थिति वर्तमान सरकारले पैदा गरेको छ । हिजो शान्ति बाटिकामा बसिरहेका आरती शाहका परिवारलगायत थुप्रै अरू माग लिएर लामो समय, आरती शाहको परिवार त मलाई लाग्छ २०० भन्दा बढी दिन भइसक्यो होला उहाँ सडकमा बसेको, त्यो सडकबाट पनि उहाँहरूलाई उठाउने काम भएको छ । यस्तातर्फ यो त्याग, बलिदान जनताको रगतबाट प्राप्त गरेको यो व्यवस्था, यो हाम्रो मौलिक हक, यो स्वतन्त्रता आज वर्तमान सरकारले खण्डित गरिरहेको छ । म सरकारलाई गम्भीर बन्नका लागि विशेष आग्रह गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, सबै क्षेत्र अस्तव्यस्त नै छ । नेपाली जनताको चासो र सरोकारसँग जोडिएको शिक्षा त्यस्तै छ, सुरक्षा त्यस्तै छ, स्वास्थ्य क्षेत्र त्यस्तै छ । हामीले सुनिरहेका छौं, देखिरहेका छौं पूर्व क्षेत्र, पूर्वी नेपालको क्षेत्रमा रहेको स्वास्थ्य विज्ञान बीपी कोइराला, स्वास्थ्य विज्ञान प्रतिष्ठान यतिबेला अस्तव्यस्त अवस्थामा रहेको छ । त्यहाँ स्वास्थ्य सेवा पठनपाठन बन्द भएको छ । महिनौं भइसक्यो, यतिबेला त्यहाँका प्राध्यापक डाक्टर, कर्मचारी बढुवाको विषयलाई लिएर उत्पन्न भएको विवाद, त्यो विवाद अहिलेसम्म एउटा कर्मचारी रहेको विवादले गर्दा, नियुक्तिको कारणले गर्दा सम्पूर्ण स्थिति बन्द भएको छ । यतातर्फ सरकार

गम्भीर बन्नका लागि म सरकारलाई आग्रह गर्न चाहन्छु । फेरि पनि म भन्न चाहन्छु, अहिले पनि सामाजिक अराजकताहरू बढ्दै छ, व्यवस्थाहरूमाथि प्रश्न उठ्दै छ । नेपाली जनताले प्राप्त गरेको यो व्यवस्था सामाजिक न्याय, स्वतन्त्रता, शिक्षा, स्वास्थ्य, रोजगारीका मौलिक हकका कुराहरू छन् । यी सबै क्षेत्र अस्तव्यस्त भइरहेको छ । आर्थिक क्षेत्र धराशायी भइरहेको छ । यस्तो परिस्थितिमा पनि आज सरकार किन गम्भीर बन्न सकेको छैन? किन राष्ट्रिय महत्त्वको विषय बनाएर छलफल गर्न सकिरहेको छैन? म आग्रह गर्न चाहन्छु, यी चाहे आर्थिक क्षेत्रमा आएको यो मन्दीको अवस्था होस्, समस्याको कुरा होस्, चाहे विकास निर्माणका कुरा, विकास बजेट खर्चका कुरा होस् । आज हामीले हेरिरहेका छौं, तहगत सरकारको बिचको समस्या छ । कानुन बनेको छ, कार्यान्वयन भएको छैन । तहगत सरकारको मात्रै कुरा होइन सम्माननीय अध्यक्ष महोदय, संघीय सरकारका अन्तरमन्त्रालय बिचमा पनि सहकार्य छैन, समन्वय छैन । हाम्रा समितिले विगत ३ वर्षदेखि उठाइरहेको एउटा चाहिँ सरकारको नीति कार्यक्रममा पनि आएको Food and Drug Administration सम्बन्धी कानुन, जो स्वास्थ्य मन्त्रालय र कृषि मन्त्रालयको साझेदारीमा बढ्नुपर्छ । तर स्वास्थ्य मन्त्रालय र कृषि मन्त्रालयको बिचमा कुरा नमिल्दा फेरि त्यो साझा कानुन बन्न नसकेर फेरि अस्ति मैले follow up गरिरहँदा सुनें अब कृषि मन्त्रालयसँग सहकार्य, समन्वय भएन स्वास्थ्य मन्त्रालय हामीले औषधीसम्बन्धी मात्रै बनाउँछौं भन्ने यस्तो विडम्बना, परिस्थिति आज संघीय सरकारका अन्तरमन्त्रालयमा छन् । त्यसैले म विनम्रतापूर्वक म सरकारलाई भन्न चाहन्छु, संविधान र कानुनले ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय प्रकाश पन्थ । समय ७ मिनेट । त्यसपछि माननीय गोमादेवी तिमिल्सिना ।

**(१२:३३ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, हामी अहिले पन्ध्रौं अधिवेशनकै सन्दर्भमा छौं । यो पन्ध्रौं अधिवेशनको सन्दर्भमा आज पहिलोपटक उभिँदै गर्दाखेरि सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु, श्रद्धासुमन । र अग्रजहरूप्रति हार्दिक सम्मान चाहन्छु, नेताहरूप्रति । र यो हामी यो पन्ध्रौं अधिवेशनले चाहिँ अब यो संघीयता कार्यान्वयन, संविधान कार्यान्वयन गर्ने विषयमा, ती कानुन निर्माण गर्ने विषयमा केही न केही छलाङहरू मार्ने छ र केही न केही उपलब्धिहरू दिने छ, मुलुकका लागि, संघीयताको लागि र संविधानका लागि भन्ने कुराको पनि अपेक्षा गर्दै सरकारलाई त्यसतर्फ पनि विशेष गम्भीर

रहनको लागि ध्यानाकर्षण गराउन चाहन्छु । भर्खरै राष्ट्रिय सभाको सदस्यहरूको चाहिँ निर्वाचन पनि सम्पन्न भ'को छ । म सबै विजेता, उपविजेता सबैलाई बधाई भन्न पनि चाहन्छु, शुभकामना । राष्ट्रिय सभामा हामी हार्दिक स्वागत पनि हामी गर्न चाहन्छौं, उहाँहरूलाई ।

र अब योबिचमा अरू थुप्रै कुराहरू भए । यसबिचमा बालकुमारी घटनाले पनि अलिकति चर्चा पायो । अब त्यो घटनाहरू नदोहोरिने गरी सरकारले अरू गम्भीर हुन पनि आवश्यक छ । जाजरकोट भूकम्पलगायतका कुराहरूमा पनि सरकारले सुरुमा केही सन्तोषजनक कामहरू गरे पनि पछिल्लोपटक चिसोको कारणले गर्दा धेरै मान्छेहरूको मृत्यु भयो । त्यो चाहिँ दुःखद् छ । सरकारले यसतर्फ समयमै धेरै कुराहरू सम्पन्न गरोस् । पहिला हामी ०७२ सालको भूकम्पबाट पनि धेरै कुरा सिक्न सकिन्छ । त्यस सिकाइलाई पनि प्रयोगमा चाहिँ ल्याएर सरकारले अगाडि बढ्न आवश्यक छ ।

र योबिचमा अरू थुप्रै राष्ट्रिय, अन्तराष्ट्रिय घटनाहरू पनि भए । त्यसतर्फ कुराहरू उठिसक्या छ । सरकारले त्यसलाई गम्भीर रूपमा नै लिएर अगाडि बढ्न आवश्यक छ । खाली सुरुवाती चाहिँ राम्रो देखिने, त्यसको पछाडि चाहिँ अलि त्यति सुखद नभएको पनि कुराहरू छन् । त्यसतर्फ जसरी सुरुवाती क्षणहरूमा हामी सन्तोषजनक छौं र त्यसको अन्त्य पनि सन्तोषजनक नै होस् भन्ने कुराहरूमा हाम्रो अपेक्षाहरू हुन्छ । र योबिचमा अलिकति यो आर्थिक क्षेत्रदेखि लिएर सबै कुराहरू चाहिँ व्यावसायिक क्षेत्रहरू त्यति चलायमान भएन, सन्तोषजनक भएन भन्ने कुरा छ । सरकारले कोसिस गरिरहेको छ । तैपनि यो हुन सकिरहेको छैन । यसतर्फ पनि अलि गम्भीर भएरै काम गर्न आवश्यक छ । पुँजीगत खर्चहरू गर्ने कुरा समयमै खर्च गर्ने कुरादेखि लिएर अरू चाहिँ थुप्रै पूर्वाधारका कुराहरूमा, विकास निर्माण कार्यहरूमा, समयमै बजेट खर्च गर्ने कुरामा सरकारले अलि समयमै, समय छँदै नै त्यसलाई ध्यान दिएर अगाडि बढ्न आवश्यक छ । युवाहरूलाई देखि लिएर अरू सबै कुराहरूमा धेरै कुरा उठेका छन् । ती कुराहरूलाई सरकारले एकदम गम्भीरताका साथ काम गर्न आवश्यक छ । पारदर्शिता र सुशासनको विषयमा सरकारले केही कोसिसहरू देख्या छ तर रिजल्टहरू आउन सकिरहेको छैन । सरकारले सुशासनको अनुभूति हुने गरी नै काम गर्न आवश्यक छ । त्यसतर्फ सरकारले सोच्नुपर्‍यो ।

र अहिले यो अलिकति पछिल्लोपटक चाहिँ यो सहकारीको विषयहरू चाहिँ सरकारले केही बेजोडले उठिरा' छ । जनताहरूलाई त्यसले अलिकति आतङ्कित पनि बनाइरा' छ । सामान्य मान्छेहरू, ज्याला गर्ने, मजदुरी गर्ने, खेतीपाती गर्ने, सामान्य मान्छेहरूले बचत गरेको पैसाहरूलाई हिनामिना भा'को भन्ने कुराहरू छ । यसतर्फ सरकारले अलिकति आकर्षित

गर्नुपर्‍यो । सरकारले केही विश्वास दिने गरी, केही भरोसा दिने गरी, केही कामहरू गर्न आवश्यक छ । मिटरब्याजीका कुराहरू केही प्रयास भए पनि फेरि अहिले पछिल्लोपटक फेरि यहाँ अलिकति समस्याहरू उत्पन्न हुन खोज्या छ । त्यसलाई त्यो सरकारले समयमै सम्पन्न गर्नेतर्फ सरकारले सोचोस् ।

र अहिले सँगसँगै अब राष्ट्रिय योजना आयोगले सोह्रौं पञ्चवर्षीय योजनाहरू बनाइरहेको छ । सोह्रौं पञ्चवर्षीय योजनामा यसपटक राष्ट्रिय योजना आयोगले सुशासन, सामाजिक न्याय र समृद्धि भन्या छ । सुशासन नभइकन र सामाजिक न्याय नभईकन सम्भव छैन भन्ने कुराको बाटोमा अहिले सरकारले केही न केही सुरुवात गर्न खोज्या छ । र यसले चाहिँ सबै वर्ग, क्षेत्र, समुदायलाई समेटेर अगाडि बढ्न आवश्यक छ । दिगो विकास लक्ष्य हासिल गर्न चुनौतीपूर्ण छ । यसपटक त्यो दिगो विकास लक्ष्यलाई हासिल गर्ने गरी विकास योजनाहरू तर्जुमा हुन आवश्यक छ । यसैगरी सुशासन प्रवर्धन हुने गरी, साँच्चिकै सुधार हुने गरी, अलिकति जनताले अनुभूति गर्ने गरी, सुशासनमा केही हुने गरी, भ्रष्टाचारका विरुद्ध केही action हरू हुने गरी चाहिँ सरकारले केही कामहरू गरोस् । अब आगामी ५ वर्षको लागि विद्यमान कानुनहरूमा सुधारहरू होस् । सदाचारको नीतिहरू चाहिँ कार्यान्वयनमा आओस् । विद्यमान थुप्रै कानुनको दुरुपयोग भा' छ । विशेष गरेर प्रत्यायोजित अधिकारको चाहिँ गलत प्रयोगबाट नीतिगत भ्रष्टाचार भएको छ । यसतर्फ चाहिँ सरकारले सोचेर आगामी सरकारका योजनाहरूमा यी विषयहरूलाई जोडतोडले राख्नुपर्ने स्थितिहरू छ ।

अब गरिबी र असमानताका विषयहरूलाई सरकारले जोड्नुपर्‍यो । जहिले पनि पछाडि परेको वर्गहरू पछाडि नै परिरहने स्थितिहरू छ । त्यसलाई सरकारले अब पछाडिबाट पनि सर्भिस सेवा गर्ने गरी, पछाडिबाट पनि सर्भिस सेवा दिने गरी चाहिँ सरकारले केही आवश्यक कामहरू गर्नुपर्‍यो । समतामूलक भनेकै त्यही हुन सक्छ । अगाडिबाट पनि सेवा, पछाडिबाट पनि गर्‍यो भने सबैले चाहिँ समावेशी सेवा पाउन सक्छ भन्ने कुरा हो । अब यो महिलाहरूका विषयहरू, सिमान्तकृत समुदायका विषयहरू, दलितका विषयहरू, अपाङ्गता भएका व्यक्तिका विषयहरू, अरू थुप्रै आर्थिक, सामाजिक र सांस्कृतिक विषयहरू पनि उठेका छन् । यी सबै कुराहरूले सरकारले आफ्नो कार्य योजनामा चाहिँ यी विषयहरूलाई योजनाबद्ध रूपमा चाहिँ अगाडि बढाउन सक्यो भने यसपटक बन्चरो चाहिँ राम्ररी उधायो भने दाउरा चिर्न सजिलो हुन्छ । त्यही भएर सरकारले राष्ट्रिय ..... चाहिँ पञ्चवर्षीय योजनालाई यसैपटक अलि धेरै मेहनत गर्न सक्यो भने आगामी ५ वर्ष हामी माननीय सदस्यहरूले कराइरहनुपर्ने, हामीले बोलिरहनुपर्ने, यो भएन, त्यो भएन भनिरहनुपर्ने स्थिति आउँदैन । त्यही भएर यो सुरुवाती अवस्थामा नै योजना

राम्रो बनाउन सक्यो भने नीति राम्रो बन्छ, कार्यक्रम राम्रो बन्छ । त्यसतर्फ विशेष ध्यान दिन आवश्यक छ ।

सन्तुलित विकासमा पनि सरकारले ध्यान दिन आवश्यक छ । सन्तुलित विकास दिगो विकासका सातवटै लक्ष्यमा पनि हो र सन्तुलित विकास सबै प्रदेशहरू, सबै स्थानीय तहमा तराई, पहाड, हिमालदेखि सबै ठाउँमा पनि मधेससम्म पनि पुग्ने गरी सबैलाई विकास हुने गरी गर्ने कुरामा सरकारले सन्तुलित विकासमा विशेष जोडबल गरेर अगाडि बढ्नुपर्ने स्थितिहरू छ । यसका लागि चाहिँ अब उसले आफ्नो विभिन्न तहगत निकायको समन्वय भएर गर्नुपर्ने कुरा हुन सक्छ । विनियोजन कुशल, खर्च प्रभावकारिता, समन्यायिक गर्ने कुरा हुन सक्छ । तथ्यमा आधारित वित्तीय हस्तान्तरणका कुराहरू हुन सक्छ । प्रादेशिक र स्थानीय राजस्वका नयाँ आधारहरू पहिचान गर्ने कुराहरू हुन सक्छ । प्रादेशिक स्रोतको सह परिचालनको विषयहरू हुन सक्छ । यसै गरी निजी र गैरसरकारी क्षेत्रको चाहिँ साझेदारी बढाउने कुरा, लगानीमैत्री वातावरण बनाउने कुराहरू यसमा हुन सक्छ । र प्रादेशिक विशिष्टताको कुरालाई प्रदेशका आफ्ना छुट्टै विषेशताहरू पनि छन् । त्योअनुसार उनीहरूलाई अगाडि बढाउने कुराहरू हुन सक्छ । यसरी सरकारले प्राकृतिक स्रोतको सदुपयोग, त्यसको लाभबाट हुने समन्यायिक वितरण गर्ने कुराहरूमा पनि सरकारले विशेष गरेर आगामी पञ्चवर्षीय कार्य योजनाहरूमा यी सबै कुराहरूलाई समेटेर अगाडि बढ्नुपर्ने स्थिति छ । र सँगसँगै नतिजा आउने गरी चाहिँ अनुगमन हुनुपर्‍यो । नतिजा आउने गरी त्यसको चाहिँ indicator हरू राखेरै गर्नुपर्‍यो । त्यो संसदबाट हुने अनुगमन होस्, अथवा राज्यका विभिन्न निकायबाट हुने अनुगमनहरू चाहिँ एकदम प्रभावकारी हुन आवश्यक छ । त्यो अनुगमन जति प्रभावकारी भयो त्यति राम्रो रिजल्ट आउने कुराहरू छ । सरकारले संसदबाट हुने संसदीय निगरानीलाई पनि, त्यहाँबाट आउने सुझावहरूलाई पनि सरकारले उपयोग गरेर अगाडि बढ्नुपर्ने स्थितिहरू छ ।

र अब यो हामी यो अन्तिम यो अधिवेशन हामीलाई धेरै उपलब्धिहरू हुने अपेक्षा गरेको छ । र अहिले जाँदाजाँदै, हाम्रो पन्ध्रौं अधिवेशनमा आउँदा आउँदै अलिकति हतास मानसिकता पनि देखियो । राष्ट्रपति कार्यालयलाई अलिकति जोडेर, त्यो कहिलेकाहीँ हतास मनस्थितिमा त्यस्तो हुन सक्छ, त्यो सबै कुरा हतारमा गरिएको थियो । ती सबै कुराहरूलाई cooling गर्ने कुराले धेरैतिरबाट कुरा आइरहेको थियो । ती कुराहरूलाई normal गर्ने कुराले सोच विचार गर्ने, त्यसलाई cooling गर्ने कुरालाई फेरी अन्यथा लिएर टीकाटिप्पणीहरू भए । त्यो त्यति राम्रो पनि छैन । फेरि अब अन्ततोगत्वा महासचिवज्यू फेरि महासचिवमा आइसक्नुभएको छ । उहाँलाई बधाई, शुभकामना छ । उहाँले व्यक्तिगत कुरा केही गर्नुभएन । खाली

पोलिटिकलहरूलाई तँछाड मछाड भइरहेको जस्तो लाग्छ । यसलाई negative रूपमा नहेरीकन अगाडि बढौं । सबैलाई धन्यवाद, जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गोमा देवी तिमल्सिना । समय ६ मिनेट । त्यसपछि माननीय रामचन्द्र राई ।

**(१२:४१ बजे) <u>माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज पन्ध्रौं अधिवेशन सुरु हुने सन्दर्भमा ज्ञात अज्ञात सहिदहरूप्रति म गहिरो श्रद्धाञ्जली अर्पण गर्दछु । आज नवनियुक्त महासचिव हामीले पाएका छौं । वहाँलाई कार्यकालको शुभकामना बधाई र यो सदनलाई अत्यन्तै मर्यादित ढङ्गले अगाडि बढाउनुहुनेछ भन्ने म आशावादी छु । बधाई दिन चाहन्छु ।

अध्यक्षज्यूको अनुमतिले म अलिकति केही कुराहरू राख्न चाहन्छु । आज देशैभरि अब बाढी पहिरो जाने समय त अहिले छैन । बाढी पहिरो नगए पनि देशैभरिका बाटाघाटा चाहिँ सबै ठाउँमा बिग्रेका खाल्डा परेका अनि कुनै समयअनुसार निश्चित ठाउँमा पुग्न नसक्ने अवस्था छ । यो कहिलेसम्म हामीले यसरी भोगिरहने हो? अस्ति भर्खरै यहाँ राजधानीमै एउटा बस नै भासियो बाटो, बस नै कोल्टे पऱ्यो । त्यो के कारणले यस्तो हुन्छ? यसको अनुगमन राम्रो भएन कि? यसमा राखेका जुन त्यो पिच गर्ने सामानहरू गुणस्तरीय भएनन् कि? यसलाई समयमै ध्यान दिनुपर्छ भन्ने कुराहरू राख्दै म अलिकति अगाडि बढ्न चाहन्छु ।

सेती, महाकाली, कर्णाली हुँदै नाइट डे दुवैतिरबाट आउने नारायणगढको ठुलो चापबाट काठमाडौं भित्रिने गाडी मुग्लिनको नाकैमा, मुग्लिनको उतापट्टि रोकिन्छ । आँपटारीदेखि रोकिँदै आउँछ । जो मान्छे आफ्नो केही जरुरी काम लिएर आउने मान्छेले त्यो जरुरी काम गर्न भ्याउँदैन । ४ घन्टा हामी बाटैमा रोकिएर बस्नुपर्छ ।

अब अस्ति भर्खरै अस्ति म भर्खरै मेरो साथी हाम्रो माननीय हाम्रो राजेन्द्र लक्ष्मीजी भोलिपल्ट यहाँ सदन सुरु हुँदै थियो । वहाँ पाल्पादेखि आउनुभो सानो गाडी रिजर्भ गरेर, अनि वहाँ दासढुङ्गा आइपुगेपछि त्यहाँ रोकियो किनभने बाटो अवरुद्ध थियो । वहाँले मलाई फोन गर्नुभो' के गर्ने भन्नुभो? घुमेर आउनुस् तपाईँ यता अरू बाटा त बन्द छन् । कान्ति राजपथबाट आउनुस् भनेर भनें । वहाँ आई त पुग्नुभो' काठमाडौं तर वहाँले बालबाल बाँचेर आएँ भनेर पछि मलाई फोन गर्नुभो' । त्यस्तो खालको अवस्था पोखरा जाने बाटो काठमाडौं- पोखरा,

नारायणगढ- पोखरा जाने बाटो त्यस्तै नै छ । त्यहाँ ठाउँ ठाउँमा दुर्घटनाहरू हुन्छ । बाटोको कारणले दुर्घटना हुन्छ । अब दुर्घटना भइसकेसी अनि चालकलाई समातेर थुनिन्छ । अनि त्यो चालककै मृत्यु भयो भने त्यो चालकको परिवारको के हालत त्योतिर चाहिँ ध्यान पुग्दैन । यता हेटौंडाबाट आउने हाम्रा पाँचओटा बाटा छन् । त्रिभुवन राजपथ यो पुरानो बाटो त्यहाँ खास साना गाडी हिंड्दैनन् । ठुलो मालबाहक ट्रकहरू आउँछन् । बाटो अलिक घुम्ती बढी छ । अनि फाखेल हुँदै हेटौंडा फाखेल हुँदै काठमाडौं । हेटौंडाबाट मातातीर्थ हुँदै काठमाडौं । हेटौंडाबाट चन्द्रागिरी हुँदै काठमाडौं । अनि सिस्नेरी हेटौंडा सिस्नेरी हुँदै काठमाडौं । र कान्ति राजपथ । हेटौंडा कान्ति राजपथ हुँदै काठमाडौं । यो कान्ति राजपथ अत्यन्तै पुरानो बाटो हो । पुरानो बाटो भए पनि त्यहाँ अहिले यताको बाटो भत्किएको हुनाले त्यो बाटो चल्तीमा आएको छ । त्यो बाटोमा म त्यहींबाट ओहोरीदोहोरी गर्दाखेरि डेढ दर्जनभन्दा बढी ठाउँमा साइड दिन पऱ्यो भने, एउटा मोटरसाइकललाई साइड दिन पनि गाडी रोकेर साइड दिएर पार हुने स्थिति छ । त्यो ठाउँमा दिन दैनिक त्यो जोखिम मोलेर, जोखिम मोलेर हिंड्ने सन्दर्भमा हामीले जिउ ज्यान एउटा यात्रुको जनसमुदायको सुरक्षा हामीले कसरी गर्ने? यो चाहिँ म अध्यक्षज्यूमार्फत, सम्माननीय अध्यक्षज्यूमार्फत म मन्त्रिमण्डल सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु । यहाँ राज्यमन्त्री मात्रै हुनुहुन्छ । वहाँले अब full मन्त्रीकोमा यो कुरा पुऱ्याएर यी बाटाघाटलाई छिटोभन्दा छिटो जोखिम न्यूनीकरण गर्नुपऱ्यो । जुन ठाउँमा बाटो एकैचोटि पाँचओटा बाटा भत्काएर बनाउन सुरु गर्ने, त्यो बाटो बनाउँदाखेरि गुणस्तरीय सामानहरू त्यहाँ छन् कि छैनन्? अनि ठेकेदारले त्यो काम कस्तो गरेको छ भनेर त्यसलाई कसले निगरानी गर्ने? कसले अनुगमन गर्ने? त्यो अनुगमनको कमीले गर्दा पनि त्यहाँ सस्तो सामानहरू राखेको कारणले आज बनाएको एउटा पर्खाल नजाँदैखेरि त्यहाँ फेरि खाल्डो परेर अनि अर्को फेरि अर्को ठेकेदारलाई गुहार्नुपर्ने स्थिति छ । यी कुराहरू सबैको नजरमा परेका कुराहरू छन् मैले समसामयिक..... (समय सकिएको) ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय रामचन्द्र राई । समय ८ मिनेट । त्यसपछि माननीय गंगा कुमारी वेलबासे ।

**(१२:४८ बजे)** <u>**माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, नवनिर्वाचित राष्ट्रिय सभाका सदस्यज्यूहरूलाई बधाई तथा शुभकामना ढिलै भए पनि

संघीय संसदले महासचिव प्राप्त गरेको छ । नवनियुक्त महासचिव पद्मप्रसाद पाण्डेयलाई बधाई तथा शुभकामना ।

मैले यो विधेयक अधिवेशन बहुत ढिलो गरी भयो । म यो ६ वर्ष भो' योभन्दा अगाडि सधैंभरि पुसमा अधिवेशन हुने गर्थ्यो । योपटक माघमा आयो । यही माघमा आइरहँदाखेरि हाम्रा सम्माननीय प्रधानमन्त्रीले यो विधेयक अधिवेशनमा महत्त्वपूर्ण विधेयकहरू पारित गराएर जनतालाई जनताको कामलाई सजिलो बनाइने छ त्यसमा थुप्रै विधेयकहरू छन् भन्नुभएको थियो । तर यो विधेयक अधिवेशन माघको २२ मा सुरु भयो । अब सँगसँगै फागुनको १५ तिर त बजेटको प्राथमिकता र सिद्धान्तको बारेमा पनि छलफल हुँदै छ । भनेसी यसले यति धेरैओटा महत्त्वपूर्ण विधेयकहरू पारित गरेर भ्याउँछ कि भ्याउँदैन? मैले यहाँ सम्झन चाहेको कुरा के हो भन्दाखेरि भनाइ र गराइमा एकरूपता भएन । मान्छेलाई सुनाउँदाखेरि यसपालि यो गठबन्धनको सरकारले बेसरी धेरै महत्त्वपूर्ण विधेयकहरू पारित गर्ने छ । जुन विधेयक अभावमा काम गर्न अप्ठ्यारो भएको छ त्यो विधेयक चाहिँ दिने भयो भनेर सुनाउने अनि गर्ने चाहिँ के गर्ने नभ्याउने गरी गर्ने नभ्याउने गरी गर्ने । यो भनाइ र गराइमा एकरूपता भएन है गठबन्धन सरकार सचेत हुनुस् है भन्न खोजेको मैले, सचेत हुनुस् मात्रै भनेको हो विरोध गर्दिन मैले ।

अब यो राजनीतिक भ्रष्टीकरण भएको छ । त्यसैले आज यो समाज यस्तो अस्थिर छ । गठबन्धन माध्यमबाट गठबन्धन गरेर राजनीतिक भ्रष्टीकरण गरियो भन्ने मेरो भनाइ छ । समाज आज अस्थिर छ, अराजकता छ, भ्रष्टाचार छ । यसका पछाडि यो गठबन्धनबाट निर्वाचनमा जाने, निर्वाचनमा जाने र नेपाली काँग्रेसको सभापतिले हँसिया हतौडामा भोट हाल्न लगाउने । अनि माओवादीका अध्यक्षले रुखमा भोट हाल्न लगाउने जब यो बेथिति समाजमा देखापर्‍यो । समाज अत्यन्त आक्रान्त भयो र यो अब यी राजनीतिक दलबाट केही पनि हुँदैन भनेर यो राजनीतिबाट ऊ बिमुख हुँदै अराजकता र अस्थिरता सिर्जना भो' यही अराजकता र अस्थिरताका कारणले गर्दा आज एकदम नयाँ पार्टीहरू चौथो शक्तिमा आउन सके । र तीनओटा नयाँ पार्टीहरू विकास भयो । यो तपाईं गठबन्धनको कारणले गठबन्धनले निर्वाचनमा जाँदाखेरि गठबन्धन गरेको कारणले भएको हो । चुनाव पछाडि सरकार बनाउने कुरामा गठबन्धन स्वाभाविक हिसाबले संसदको अङ्क गणित हुन्छ । त्यो अङ्क गणितलाई पूरा गर्न र त्यो आधारमा सरकार बनाउन गठबन्धन हुन्छ, हुनपर्छ । त्यसमा केही थिएन । तर त्यो गठबन्धन गर्दा राजनीतिमा भ्रष्टीकरण भएकै कारणले त्यो राजनीतिक भ्रष्टीकरण भएकै कारणले गर्दाखेरि आज समाज बिमुख भयो । अराजकता र अस्थिरता पैदा भयो र अहिले यो स्थिति आयो । यसका कारण चाहिँ यो हो ।

अब सरकार गठन साथीहरूले भनेको सुनें । सरकारमा जान एमाले हतार छ । आतुर छ । होइन एमालेकै पहलमा यो सरकार गठन भयो । यो सरकार एमालेको पहलमा भएको हो । र एमालेको पहलमा भइसकेको सरकार यो सरकारमा अरू पनि चिज आउने भइसकेपछि छोडेर हिँडेको हो । हतार छैन हामीलाई । हामीलाई सरकारमा जान हतार छैन । बागमती स्वच्छ र पवित्रै छ । बागद्वारमा बागद्वारबाट तल आइसकेपछि यहाँ धेरै नालाहरू मिसिए । र यो दुर्गन्धित भएको छ । स्वच्छ छैन । त्यसो भए एमाले सरकारबाट आउट भयो । यसमा कहीं कतै द्विविधा राख्न पर्दैन । हामी सरकारमा जान हतार पनि छैन । हामी चुनाव लडेरै आउछौं । हामीलाई गठबन्धनसँग डर पनि छैन । गठबन्धन आफैं डराएको छ । कि गठबन्धनको सबभन्दा ठुलो दल सबभन्दा बढी डराएको कपडा उसकै चिसो भएको छ । उसैलाई सिक्सिको लागेको छ । सानो दलहरूको बाध्यता थियो सँगै झुन्डिएर भए पनि अलिअलि आश्रय पाइन्छ भन्यो, गयो । डर त गठबन्धनको सबैभन्दा ठुलो दललाई नै थियो । हामीलाई डर छैन । हामी एक्लै चुनाव लडिरहेकै छौं । भ्रम नपाल्नुस् । मैले यति भनेपछि गठबन्धन सरकार विदेशीको comfort सरकार हो पनि भन्न पर्छ । यो विदेशी comfort सरकार हो । यसले विदेशीको लागि comfort हुने कामहरू गर्‍यो । यसका उदाहरणका रूपमा केही कुरा भन्छु मैले । भैरहवा अन्तर्राष्ट्रिय एयरपोर्ट र पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय एयरपोर्ट नियमित सुचारु सञ्चालन छैन । काठमाडौंको एयरपोर्टमा अवतरण हुने, उड्ने समय पाउँदैन । त्यो पार्किङ गर्ने ठाउँ पनि पाउँदैन त्यसो भएर त्यो त्यहाँ जान पर्ने त्यहाँ गर्दैन किन गर्दैन भन्दा विदेशी रिसाउँछ भनेर त्यहाँ एयरपोर्ट सञ्चालनै गर्दैन । त्यसैले यो comfort सरकार हो । यो comfort सरकारले के के गर्छ? stunt गर्छ मैले भनेको होइन, को को मन्त्री हो, को कोले गर्नुहुन्छ रे मैले भन्या होइन । मैले सुनेको हो । मन्त्रीहरू stunt गर्नुहुन्छ रे सत्तापक्षले । मैले भन्या होइन । सुनेको फेरि कसले भन्या सम्झना छैन । मन्त्रीहरू स्टन्टबाजी गर्छन् रे काम गर्दैनन् रे । कमजोर राष्ट्रियता छ । विदेशी हस्तक्षेप छ । यो देखिएकै कुरा हो । त्यसो भएको हुनाले हाम्रो आलोचना होइन, हाम्रो सुझाव हो, गठबन्धनले ठिकसँगले जनताका अपेक्षाहरू पूरा गर्नेतिर लागोस्, जनताको चासोहरूलाई सम्बोधन गर्न सकोस् । जनताको जीवनलाई आजभन्दा भोलि सरल र सुगम बनाउन सकोस् । हामी त गठबन्धनलाई शुभेच्छा नै दिन्छौं, आउँदो चुनावमा जे होला हेरौंला । म यहाँ टीआरसी बिलको बारेमा बेसरी कुराकानी भयो । सहमति मै गर्न भन्या हो । सहमति केका आधारमा गर्ने? नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रचलन, मानवअधिकारको विश्वव्यापी सिद्धान्त र मान्यताहरू र पीडितमैत्री हुने गरी सहमतिमा चल्छ त्यो टीआरसी बिल पास हुनुपर्छ । यसमा कहीं कतै अलमल छैन । तर एमाले नेतालाई खण्डित हुने गरी गठबन्धन अगाडि बढ्छ भने यसमा हाम्रो विरोध रहन्छ । .....

यसमा कहीं कतै छुपाको छ र? छैन । तर सहमति, सहमति, सहमति एमालेले गरेन एमालेले गरेन, नेकपा एमालेले सहमति गर्दैन । भित्र हुन्छ हुन्छ भन्छ । बाहिर हुन्न हुन्न । बाहिर हुन्न हुन्न भन्छ । भित्र हुन्छ हुन्छ भन्छ । के भन्या यो । कम्तीमा जे हो त्यो भनिदिनुस् न हामीले यो सार्वभौम संसदको मञ्चबाट आम नागरिकको सूचना प्रवाह गर्दा जे हो त्यही भन्यो भने समाज आशावादी हुन्छ । जे हो त्यही भनेनौं, लुकाउन खोज्यौं भने समाजमा निराशा पैदा हुन्छ । किन भन्छ भन्दा राजनीतिक दलका यी नेताहरू नै फटाहा कुरा बोल्छन् । यी फटाहाको कुरा किन सुन्नुपर्‍यो भन्छन् र त्यो समाजबाट बिमुख हुन्छ । हामीले त्यस्तो गैरजिम्मेवारीपूर्वक कुरा गर्दा समाजमा नकारात्मक प्रभाव पर्ने हुँदा कम्तीमा पनि हामीले जिम्मेवारी भएर जे हो त्यही भन्ने गरौं । मैले यति भनिसकेपछि अब यो गठबन्धनले त संविधान पनि उल्लङ्घन गरेको छ । कानुन पनि मान्दैन । कोशीको मुख्यमन्त्री नियुक्तिको बदर सर्वोच्चले गरिसकेपछि एक महिनासम्म यो सरकारले यसले नियुक्ति बदर गरिदियो एक महिनासम्म यो सरकारले तिमी नै मुख्यमन्त्री हो भनेर राख्यो । सर्वोच्चको निर्णयलाई उल्लङ्घन गर्न पाइन्छ? हामीले गर्‍या हो? यही गठबन्धनले गर्‍या होइन । त्यसो भएकोले यस्ता कुराहरूमा कम्तीमा पनि जनताले सुन्दा देख्दा सुपाच्य हुने कुरा गरौं । सरकारले गरोस् हाम्रो शुभेच्छा छ । यो गठबन्धन पाँचै वर्ष टिकोस् । गलत काम नगरोस् । स्टन्टबाजी नगरोस् । मेरा कुरा सिध्याएँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय गंगा कुमारी वेलबासे । समय ८ मिनेट ।

(१२:५६ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, हामी राष्ट्रिय सभाको पन्ध्रौं अधिवेशनमा छौं । यस पन्ध्रौं अधिवेशनले जनताको पक्षमा, न्यायको पक्षमा, संविधान, विधान, विधेयकहरू निर्माणको पक्षमा, कानुन निर्माणको पक्षमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ र यो १५ औं अधिवेशन ऐतिहासिक हुनेछ । हामीले यही अधिवेशनमा ६ वर्ष कार्यकाल पूरा गरेर एक तिहाई सदस्यहरूलाई विदा गर्नेछौं । र पुनः ६ वर्षको लागि नयाँ सांसदहरूलाई यहाँ स्वागत गर्ने अवसर हामीले पाउनेछौं । र यो अधिवेशन सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु। त्यस्तै गरेर यहाँसम्म देश र जनतालाई यहाँसम्म ल्याउनको लागि आफ्नो बलिदान गर्ने सहिदहरूप्रति सम्मान व्यक्त गर्न चाहन्छु । राष्ट्रिय सभाको निर्वाचनबाट निर्वाचित भएर आउनुभएका एक तिहाइ सांसदहरू जो निर्वाचित भएर आउँदै हुनुहुन्छ, उहाँहरूलाई उहाँहरूको कार्यकालको शुभकामना व्यक्त गर्न चाहन्छु, बधाई दिन चाहन्छु। त्यस्तै गरेर संघीय संसदमा संसद सचिवालयको महासचिव भर्खरै शपथ ग्रहण गरेर आइपुग्नुभएको छ। उहाँलाई

बधाई दिँदै उहाँको कार्यकालको सफलताको शुभकामना व्यक्त गर्न चाहन्छु । यो राष्ट्रिय सभाको यो अधिवेशन जसरी अगाडि बढिरहेको छ र हामीले यसलाई धेरै प्रभावकारी ढङ्गले सञ्चालन गरेका छौं र अझै प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि हामीले यसको ६ वर्षको अनुभवसहित राष्ट्रिय सभामा रहेको हाम्रो नियमावली संशोधन गरेर अहिले हामी सदनमा छलफल गर्दैछौं, त्यसले थप प्रभावकारी भूमिका खेल्नेछ र त्यो कार्यान्वयनमा हामी अगाडि बढ्नेछौं भन्ने कुराहरू म राख्न चाहन्छु । राष्ट्रिय सभाले राम्रा कामको सुरुवात गरेको छ यो मर्यादित सदन र समयमै सुरु गर्ने ।

(१२:५९ बजे) <u>पुनः पीठासीन</u>:- सम्माननीय अध्यक्ष श्री गणेशप्रसाद तिमिल्सिना ।

<u>माननीय गंगा कुमारी वेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- र निश्चित समय अवधिमा सम्पन्न हुने र अहिले हामीले थप कार्यतालिकासहित उपस्थित हामी भएका छौं । त्यसो गर्दाखेरि हामीले राम्रा कामहरूको थप सुरुवात पनि गरिरहेका छौं र यो अर्को यो अविच्छिन्न सदन जसमा दुई वर्ष चार वर्ष र ६ वर्षका अवधि रहेका माननीय ज्यूहरू हुनुहुन्छ, नयाँ आउनेहरूलाई पुरानाको अनुभव, नयाँ आउनेहरूको जोस जाँगर एकैपटक मिसिने हुँदा महत्वपूर्ण भूमिका खेल्दै आएको छ र खेल्दै जाने कुराहरू पनि हामीले यहाँ देखिरहेका छौं, गरिरहेका छौं र थुप्रै प्रस्तावहरू हामीले सहमतिमा छलफल गर्ने, प्रस्ताव गर्ने, छलफल गर्ने र त्यसलाई पास गर्ने गरेका छौं । त्यसले गर्दाखेरि यहाँ प्रतिनिधिसभामा जस्तो दलगत मान्यता, दलगत सोचाई, दलगत भावना यहाँ देखिँदैन एकरुपतामा, एक भावनामा हामी केन्द्रित भएका हुन्छौं । समितिका बैठकहरूमा हामीले त्यहाँ दल देख्दैनौं, त्यहाँ काम देख्छौं, महत्वपूर्ण जिम्मेवारीको महसुस गर्छौं । र यसरी नै हामी चलिरहेका छौं। त्यसैले यो राष्ट्रिय सभाको महत्व, गरिमा, ओज, तेजलाई हामीले अझै प्रष्ट पार्दै गएका छौं र यसको महत्वलाई त्यही ढङ्गले बुझ्न जरुरी छ। यहाँ अघि पूर्व माननीयज्यूले समयको कुरा उठाउनु भयो । समय हामी सबैको बराबर छ । जिम्मेवारी हामी सबैको बरावर छ । त्यसैले समय हामी पार्टीसँग खप्टाएको कारणले, पार्टीसँग साटफेर गरेका कारणले र एक ठाउँमा घोप्ट्याएर, एक ठाउँ सङ्गालेर वितरण गरेका कारणले मात्रै कसैको कमबेसी भएको भन्ने कुरा पनि म राख्न चाहन्छु र यसलाई मर्यादित ढङ्गले बुझ्न र यहाँ यसमा आएर आफ्ना गरिमाका विषयहरू राख्न र जनताप्रति उत्तरदायी हुन पनि म त्यत्तिकै आग्रह गर्न चाहन्छु । यस्तै गरेर यो महिला, पुरुष अल्पसंख्यक, दलित अपाङ्गहरूको एउटा समानुपातिक समावेशी सदन भएको हुनाले यसको गरिमा अझै बढेको छ र महत्व छ भन्ने कुराहरू पनि म राख्न चाहन्छु । र जसरी निर्वाचनको वरपर, माघको ११

गते निर्वाचनको सन्दर्भमा वरपर थुप्रै नराम्रा विषयहरू आए त्यसलाई चिर्दै हामी फेरि यसलाई स्थापित र मयार्दित बनाउँने छौ भन्ने कुराहरू पनि म यो सदनमा राख्न चाहन्छु ।

यस्तै गरेर सरकारले, सरकारले सुशासन समृद्धि र न्यायको पक्षमा थुप्रै कामहरू अगाडि बढाएको छ । यहाँ उठेको छ एउटा कोणबाट केही पनि गरेको छैन सरकारले, सबैतिर विकृति र विसंगति छ भन्ने कुराहरू उठ्छ, तर जे काम गरेको छ त्यसको मूल्याङ्कन गर्न पनि जरुरी छ । हामी हाउसमा छौं संसदमा छौं र हामी देशका संघीय संसदका प्रतिनिधि हौं। त्यसो भएको हुनाले सरकारले गरेका राम्रा कामहरूलाई म सम्झन र त्यसलाई चाहिँ मनन गर्न पनि माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु । अहिले जे कुराहरू सरकारले अगाडि बढाएको छ ती कामहरू राम्रा र विगत सरकारले गर्न नसकेका, नउठाएका पुराना विषयहरू पनि अहिले जसरी उठाइरहेको छ र प्रयत्न गरिरहेको छ, त्यसलाई म सम्मान गर्न चाहन्छु र त्यसै गरेर इजरायलमा हमासको आक्रमणमा परी बेपत्ता हुनुभएका विपिन जोशीको अवस्था सार्वजनिक गर्न र उहाँलाई रिहाइ गर्नको लागि माग गर्न सरकारलाई म अनुरोध गर्न चाहन्छु । त्यसै गरेर रुसी सेनामा भर्ती हुने र मृत्यु भएकाहरू घाइते भएकाहरू र बेपत्ता भएकाहरूको अवस्थामा सरकार राहत, उद्धार गर्नका लागि पनि म सरकारलाई अनुरोध गर्न चाहन्छु । र यस्तै गरेर म के भन्न चाहन्छु भने आफ्नो जबलाई छोडेर सेनाको जागिरलाई छोडेर, सरकारी जागिरलाई छोडेर, नेपाली नेपाल प्रहरीको जागीरलाई छोडेर जो नेपालीहरू रुसी सेनामा भर्ना हुन गइराखु भएको छ आफ्नो स्वास्थ्यको विचार नगरी, आफ्नो शारीरिक अवस्थाको विचार नगरी रुसी सेनामा भर्ना हुन पैसाको लागि जुन ढङ्गले गइराखु भएको छ त्यसो नगर्न पनि नेपाली जनताहरूलाई म अनुरोध गर्न चाहन्छु । यस्तै गरेर सरकारले पहाडमा बस्ती बसाउनका लागि, पहाडी क्षेत्रमा उद्योगहरू खोल्नका लागि सुविधाहरू दियोस्, कर छुटहरू गरोस् र आगामी बजेटमा त्यस्तो खालको व्यवस्थाहरू गरोस् जसले गर्दाखेरि पहाडी क्षेत्रमा पहाडी क्षेत्रमा, हामी फलफुलका जोनहरू बनाउन सकौं । उद्योग कलकारखानाहरू बनाउन सकौं। मध्य पहाडी राजमार्ग र उत्तर दक्षिणबाट जोडिने राजमार्गहरूले देशलाई एउटा समुन्नत र उन्नतशील विकासशील बनाउन सकौं र विद्यालयहरू मर्ज भएका छन् खाली भएका विद्यालयहरूमा विद्यार्थीहरूको सिकाइका लागि प्राविधिक शिक्षाहरूको व्यवस्था गरियोस् । शिक्षकहरूलाई सम्मानित गरियोस् र नेपाल ...... (समय सकिएको) ।

(१३:०५ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार

आलेमगरलाई राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु ।

(१३:०५ बजे) **मानननीय सभापति श्री सुरेश कुमार आलेमगर**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम गत माघ ११ गते सम्पन्न भएको राष्ट्रिय सभाको २१ सदस्यहरू जो निर्वाचित हुनुभएको छ । उहाँहरूलाई हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । र संघीय संसदका नवनियुक्त महासचिवज्यूलाई पनि हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । उहाँहरू सबैको सफलताको उपलब्धिमुलुक कार्यकालको लागि हार्दिक पनि हार्दिक बधाई तथा शुभकामना दिन चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, हामी यो राष्ट्रिय सभामा काम गर्दै जाँदा, यो राष्ट्रिय सभाको मौजुदा नियमावलीमा देखापरेका र अनुभूत भएका केही अपुग नपुगहरूलाई पहिचान गरी, त्यसलाई समयनुकुल परिमार्जन र परिष्कार गर्ने । र मुख्यतः र मूलतः राष्ट्रिय सभाको ओज, यसको महिमा, यसको गरिमा र यसको महत्त्व र भूमिकालाई अभवृद्धि गर्ने, उच्च उठाउने उद्देश्यले राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समिति गठन गरिएको थियो । यो समितिले कतिपय तितामिठा अनुभवहरू हासिल गर्दै एउटा प्रतिवेदन तयार पारेको छौं । अब म त्यो समितिको प्रतिवेदन अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१३:०७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय सभापति सुरेश कुमार आलेमगरले प्रस्तुत गर्नुभएको राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । छलफलमा समितिको प्रतिवेदन र सोसम्बन्धी नियमावलीको नियमहरूका सैद्धान्तिक पक्षमा मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय प्रकाश पन्थ ।

**(१३:०८ बजे) <u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**: सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सभाको नियमावली, २०७५ को संशोधन मस्यौदाउपर हामी यहाँ छलफलमा आइरहेका छौं । अब यो बिचमा ६ वर्षको अवधिमा यो समिति सभाहरू चलाउने सन्दर्भमा, सचिवालयलाई पनि प्रभावकारी बनाउने सन्दर्भमा देखापरेका धेरै विषयहरूलाई समेटेर ती अप्ठ्याराहरूलाई पनि मिलाउने गरी केही कोसिसहरू भएको छ संशोधनको लागि, यो स्वागतयोग्य नै छ । र अब यो अवधिमा विभिन्न प्रक्रियागत र कार्यविधिगत कमजोरीहरू पनि देखिएका थिए । तिनीहरूलाई यहाँ केही मिलाउने कोसिस गरेजस्तो लाग्छ मलाई । र अब यो यसलाई चाहिँ अब अध्यक्ष, उपाध्यक्ष, सभापतिहरूको पद रिक्त भएको मितिले १५ दिनभित्र नै निर्वाचन गरिसक्नुपर्ने व्यवस्था यसमा गरिएको छ । जसले गर्दाखेरि अब ती पदहरू समयमै पदपूर्ति हुने छन् । र राजनीतिक दलहरूले पनि त्यसलाई समयमै टुङ्ग्याउने छन्, अब अलमल हुने छैन भन्ने यसले एउटा सुनिश्चितता पनि गरेको छ । र सँगसँगै यो राष्ट्रिय सभा प्रदेशहरूको पनि र स्थानीय तहको पनि जनप्रतिनिधिहरूको जनप्रतिनिधि सभा भ'को हुनाले प्रादेशिक सरोकारका विषयहरू राखिएको छ । प्रादेशिक सरोकारको समयले चाहिँ अब भोलि संघीय मामिलाका विषयहरूमा प्रदेश र स्थानीय तहको हक हितमा पक्षमा आवाज उठ्ने छ । र भोलि संघीयता कार्यान्वयनमा सरकारलाई निरन्तर खबरदारी हुने छ । यो व्यवस्थाले भन्ने पनि अपेक्षा गरिएको छ । र राष्ट्रिय सभाका सदस्यहरूले आफ्ना मतदाताप्रति अझ बढी जिम्मेवार बनाउने छ माननीय सदस्यहरूलाई भन्ने पनि अपेक्षा गर्न सकिन्छ । प्रतिनिधि सभा नरहेको अवस्थामा विगतमा चाहिँ अब यो राष्ट्रिय योजना आयोगको हलबाट अन्त अन्तबाट नीति कार्यक्रम बजेटहरू प्रस्तुत हुने गरेको थियो भने अब चाहिँ प्रतिनिधि नभएको अवस्थामा पनि राष्ट्रिय सभामा आएर ती नीति, कार्यक्रम, बजेटहरू प्रस्तुत हुने कारणले गर्दा पनि यसले सभाको गरिमालाई बढाउने नै छ भन्ने अपेक्षा गर्न सकिन्छ । राष्ट्रिय सभालाई अब विभिन्न संयन्त्रहरू बनाएर हामीलाई स्थानीय तह र प्रदेशले मतदान गरे पनि स्थानीय तह र प्रदेशसँग हामी जोडिने, तिनीहरूसँग सँगसँगै काम गर्ने सहकार्य गर्ने ठाउँहरू थिएन । तीसँग हामीलाई जोड्ने एउटा संयन्त्र पनि व्यवस्था भएको छ । यसले गर्दाखेरि अझ हामीलाई संघीय कार्यान्वयनमा, संघीयता मजबुत बनाउने कुरामा संघीयतालाई प्रभावकारी कार्यान्वयन अझ बढी ठोस् केही सपोर्ट गर्ने कुराहरू हामीले गर्न सकिन्छ । र सरकारका मन्त्रीहरूलाई संसदबाट संसददेखि भाग्ने र जनप्रतिनिधिको आवाज नसुन्ने प्रवृत्तिको अन्त्य पनि अब यो कुराहरूले गर्ने अपेक्षाहरू गर्न सकिन्छ । राष्ट्रिय सभाको निर्देशनहरूलाई, रुलिङहरूलाई, समितिका निर्देशनहरूलाई पनि प्रभावकारी बनाउने कोसिस यसले गरेको छ । अब समितिले पनि ६ महिनाभित्रै आफ्नो विधेयक सक्ने कुराले राष्ट्रिय सभाले समयमै काम गर्छ भन्ने कुराहरूलाई यसले विशेष जोड गरेका छ । गैरसरकारी विधेयकहरूलाई

यसले चाहिँ निकै सपोर्ट गरेको चाहिँ छ । र समितिको कार्यक्षेत्रहरूलाई पनिपुनरावलोकन गरेको छ । र यो अलिकति दिगो विकास समितिको दिगो भन्ने शब्द हटेको कारणले गर्दा यहाँ समितिकै तर्फबाट अलिकति असन्तुष्टि हुन्छ । यसलाई चाहिँ पुनर्विचार गर्नुपर्ने पनि देखिन्छ । र संसदीय निगरानीलाई अझ बढी स्पष्ट पारेको कोसिस गरेको छ । समग्रमा यसलाई राष्ट्रिय सभाको मर्यादा बढाउने कुरामा केही कोसिस गरेको देखिन्छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय तुलसा कुमारी दाहाल ।

(१३:११ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सभा नियमावली, ०७५ माथिको संशोधन गरेर ०८० को जुन प्रतिवेदन हाम्रो सामु आएको छ र यो नियमावलीलाई ६ वर्षको अनुभव यहाँ अनुभवहरूको सङ्गालोको रूपमा केही कमी कमजोरी रहेका कुराहरूलाई व्यवस्थित गर्ने प्रयास गरिएको छ । र यो आवश्यक पनि थियो । र कार्यक्षेत्रहरूको विस्तार भएको छ यसमा र केही अभ्यासमा नभएका कुराहरू प्रश्न उत्तरजस्ता कुराहरू अभ्यास भएका थिएनन् । त्यो चाहिँ अभ्यास गर्ने प्रयास फेरि अभ्यास गर्नुपर्छ भनेर ल्याइएको छ । केही नयाँ प्रावधानहरू पनि ल्याइएको छ । परामर्श गर्न सक्ने कुराहरू छ । र अर्को महिला समन्वय समिति महिलाहरूको issue मा चाहिँ lobbying गर्नको लागि महिला समन्वय समितिको प्रावधान आएको छ । निर्देशनहरूको कार्यान्वयन नभएको अवस्था मन्त्रीहरूले ..... सदनका बैठकहरूमा, समितिका बैठकहरूमा चाहिँ उपस्थित हुन आनाकानी गर्ने कुरालाई अलि बाध्यात्मक बनाउने प्रयास गरिएको छ । र यो ६ वर्षको अनुभवलाई सङ्गालेर केही अझ व्यवस्थित गर्ने प्रयास गर्दाखेरि राष्ट्रिय सभाको गरिमालाई बढाउने र सरकारलाई पनि जिम्मेवार बनाउने प्रयास गरिएकोमा यो चाहिँ आवश्यक थियो र यसलाई परिमार्जित गरिएको छ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय भगवती न्यौपाने ।

(१३:१२ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको नियमावली, २०७५ लाई संशोधन गर्न जुन मस्यौदा समिति बन्यो, त्यो मस्यौदा समितिले निकै मेहनत गरेर संशोधनको प्रस्ताव पनि राखेको भोलि एउटा संशोधन प्रस्ताव मस्यौदा समितिका सभापतिज्यूले सविस्तार रूपमा व्याख्या पनि गर्नुभो'

यसको आवश्यकता किन पऱ्यो भन्ने विषयमा चाहिँ उसले प्रष्ट पार्नु पनि भएको छ । र वास्तवमा जो माननीयहरूज्यू समितिमा हुनुहुन्थ्यो, मस्यौदा समितिमा । नियमावली संशोधन मस्यौदा समितिमा वहाँहरूसँग हामीले भेटेर पनि हामीले सुझाव पनि दिएका थियौं । के के विषय समेट्नुपर्ने आवश्यकता छ भन्ने सन्दर्भमा चाहिँ वहाँहरूलाई हामीले सुझाव दिएका थियौं । जे सुझाव दिएका थियौं ती सुझावहरू समेटेको पनि हामीले पायौं । र वास्तवमा यो जुन अनुभवले धेरै कुरा सिकाउँछ । अनुभव पाठ सिकाउँछ । ६ वर्षसम्मको यो अनुभवमा जो जो कुराहरू समस्याको रूपमा देखिए । जे जे अप्ठ्याराहरू देखिए । जे जे त्रुटिहरू देखिए । जे जे संशोधन गर्न पर्ने आवश्यकताको महसुस भयो । त्यसलाई मसिनो गरी अध्ययन गरेर मस्यौदा समितिले चाहिँ यो संशोधन प्रस्ताव ल्याएको छ । म यसलाई पूर्ण रूपमा समर्थन गर्न चाहन्छु । र केही मात्रामा जुन एउटा विस्तृत रूपमा संशोधन गरिएको छ र म केही भन्न चाहन्छु । जुन महत्त्वपूर्ण छ । यदि आवश्यकता महसुस गरियो भने एक चौथाइ सदस्यले चाहिँ अधिवेशन बोलाउन पाउने व्यवस्था चाहिँ गरिएको छ यो राम्रो एउटा व्यवस्था गरिएको छ भन्ने लागेको छ । र यो आकस्मिक समयको पनि व्यवस्थापन गरिएको छ । आकस्मिक समय र प्रादेशिक समयको पनि व्यवस्थापन अहिले गरिएको छ । कतिपय घटनाक्रमहरू आकस्मिक रूपमा आएका घटनाक्रमहरूलाई उठाउनुपर्ने हुन्छ । त्यसलाई चाहिँ यो समयको व्यवस्था गरेको छ र प्रादेशिक समयको जुन व्यवस्था छ । यो चाहिँ वास्तवमा हामी मतदाताप्रति चाहिँ एउटा उत्तरदायी, जवाफदेही बन्न पर्ने आवश्यकता पनि थियो । प्रदेशका माननीयज्यूहरूले पनि त्यो गुनासो राख्नुभएको थियो । तपाईंहरू हाम्रो मतदाता हो, राष्ट्रिय सभामा हाम्रा मुद्दाहरू प्रदेशका मुद्दाहरू उठाइदिनुपर्छ भनेर बारम्बार भनिराख्नुभएको थियो । त्यसले गर्दा यसले एउटा संघीयतालाई पनि सवल बनाउने, बलशाली बनाउने जुन एउटा व्यवस्था गर्नुभएको छ । यो प्रस्ताव आफैंमा यो पनि धेरै महत्त्वपूर्ण छ भन्ने मलाई लागि राखेको छ ।

त्यस्तै गरेर प्रधानमन्त्रीसँग प्रश्न उत्तर गर्ने कार्यक्रम प्रश्न उत्तरको व्यवस्था यसलाई चाहिँ हामीले उठाएका कतिपय सवालहरू राष्ट्रियताका मुद्दाहरूमा, राष्ट्रका मुद्दाहरूमा जनसरोकारका मुद्दाहरूमा प्रधानमन्त्रीसँग सिधै प्रश्न गर्न पाउने त्यसलाई नियमित रूपमा प्रश्न गर्न पाउने प्रश्न उत्तरको यो व्यवस्था गरिएको छ, यो पनि राम्रो अभ्यासको रूपमा हुने छ भन्ने मलाई लागिरहेको छ । त्यस्तै गरेर सभाको निर्देशन रुलिङ तथा जरुरी सार्वजनिक महत्त्वको प्रस्तावको विषयमा जुन एउटा विगतमा चाहिँ त्यो प्रस्तावहरूलाई बेवास्ता गरियो प्रस्तावहरू यहाँबाट पारित हुने तर त्यसलाई कार्यान्वयनमा चाहिँ बेवास्ता गर्ने काम जे भए । त्यसलाई चाहिँ कार्यान्वयनमा ध्यान दिनका निम्ति पनि त्यसलाई व्यवस्था गर्नुपर्छ भनेर त्यो ढङ्गले व्यवस्था गरिएको छ । र खास

गरी गैरसरकारी विधेयकलाई पनि प्राथमिकतामा राखेर विगतमा जसरी गैरसरकारी..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय राजेन्द्र लक्ष्मी गैरे ।

(१३:१५ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हामी अहिले राष्ट्रिय सभा नियमावली मस्यौदाको संशोधनको सन्दर्भमा छलफल गरिरहँदा यो मस्यौदा समितिले अत्यन्त मेहनत गरेर लामो समयसम्म विज्ञहरूसँग, सरोकारवालाहरूसँग पनि राय सल्लाह लिएर । ध्यानपूर्वक वहाँहरूले यो मस्यौदा तयारी गर्नुभ'को छ भन्ने चाहिँ हामीले बुझेका छौँ । र यो अहिले ज्वलन्त एउटा हाम्रो हातमा क्यालेन्डर आयो, सुरुमै क्यालेन्डर आएको छ यो क्यालेन्डरले हामीलाई दुई तीनओटा फाइदा दिने छ भन्ने मलाई लाग्छ ।

पहिलो कुरा हामी के बोल्ने, के कामका लागि, कहिले भन्ने कुरामा हामी स्वयम्लाई तयारी हुन पनि यसलाई साथ दिने छ । दोस्रो कुरा समितिहरूका कामहरूलाई पनि हामी व्यवस्थापन गर्न सकिने छ र माननीयहरूले आफ्ना निजी काम र कार्यक्षेत्रलाई पनि मिलाउन सकिने गरी जुन क्यालेन्डर आयो यसले अत्यन्त सबैको हितमा काम गर्ने छ । यो एउटा महत्त्वपूर्ण उपलब्धि हो भन्ने मलाई लाग्छ । दोस्रो कुरा आजसम्म अभ्यासमा नभएको राष्ट्रिय सभाले गर्न नपाएको प्रधानमन्त्रीसँग प्रत्यक्ष जनताका गुनासा राख्ने र प्रधानमन्त्रीले उत्तर दिने कुराहरू यो पनि हाम्रै पालामा भएको महत्त्वपूर्ण ऐतिहासिक हुने छ र यसलाई निरन्तरता पाउने छ भन्ने लाग्छ । अर्को कुरा महिला समितिको कुरा जुन आएको छ । अझै पनि महिला समिति अब पनि भन्ने खालका कुराहरू हामीले सुनेका छौँ । हो नि त चाहिएरै यो कुराहरू उठेको हो । अझै पनि हामी यो काम गर्न बाँकी छ । त्यसो भएको हुनाले यसलाई अझ व्यवस्थित गरेर लैजान यो समितिले काम गरेको छ । यो एकदम राम्रो काम भएको छ । र कतिपय प्रदेशको माननीयज्यूहरूले भोट माग्ने बेलामा आउने अरू बेला भेट नहुने कुरा थियो । अहिले हामीलाई वहाँहरूसँग छलफल गर्न, उत्तरदायी बनाउन र यो मस्यौदाले जोडेको छ । र लामो समयसम्म ग्याप हुने कुरालाई पनि १५ दिन भित्रमा कतिपय कुराहरू fulfill गर्ने कुराहरू भएको छ । यसले हाम्रो रिक्ततालाई पनि अभावको महसुस हुने छैन । त्यसैले गर्दा म यो मस्यौदाको समर्थन गर्न चाहन्छु । धन्यवाद ।

**(१३:१८ बजे)** **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको समिति तथा राष्ट्रिय सभा यो दुवैको कामलाई व्यवस्थित गर्नका निम्ति विगतम जुन नियमावली, २०७५ कार्यान्वयनमा आयो र यसलाई ६ वर्षसम्म अभ्यास गर्दै जाँदा कतिपय कुराहरू यसमा थप गर्न पर्ने, कतिपय मिलाउन पर्ने कुराहरू देखिए। जसको कारणले हामीले राष्ट्रियसभाको यसै बैठकमार्फतै एउटा नियमावली संशोधन समिति गठन गरियो र सो समितिले निकै मेहनत गरेर यो प्रतिवेदन यहाँ पुऱ्याएको छ । म यसका निम्ति प्रमुख लगायत सदस्य ज्यूहरूलाई हार्दिक धन्यवाद पनि दिन चाहन्छु । यसका केही शब्दहरू सच्याउनु पर्ने, केही थप्न पर्ने बाहेक अरु सबै विषयवस्तुहरू यसका राम्रा छन् र यो कार्यान्वयनमा जाँदै गर्दा हाम्रा समितिका बैठकहरू, राष्ट्रिय सभाकै वैठक र समितिका बैठकहरू र सरकारलाई जिम्मेवार बनाउने जस्ता महत्वपूर्ण कामहरू पक्कै पनि यो यसको कार्यान्वयनसित सँगसँगै हुनेछन भन्ने कुरा विश्वास गर्न सकिन्छ । यसका केही महत्वपूर्ण विषयहरू जस्तैः. समितिका केही कार्यक्षेत्रहरू पनि थप भएका छन् । समितिका सभापतिको पद रिक्त भएको मितिले १५ दिनभित्र निर्वाचित गर्नुपर्ने जस्तो महत्वपूर्ण कुराहरू आएको छ । प्रतिनिधि सभा नहुँदा पनि सरकारले नीति तथा कार्यक्रम र समितिमा यो राष्ट्रियसभामा पेश गर्न सक्ने भन्ने व्यवस्था गरिएको छ, लगायतका यस्ता महत्वपूर्ण विषयहरू छन् जसले हाम्रा हाम्रो राष्ट्रिय सभाको गरिमालाई पनि अझै माथि लैजाने छ भने हाम्रा कामहरूलाई व्यवस्थित गर्नलाई मद्दत पुग्नेछ । म यो हुन त सैद्धान्तिक छलफल हो । यो यसमा म यो समितिको बारेमा अघि नै पनि कुरा उठेको छ । यो दिगो विकास भन्ने अगाडि दिगो भन्ने शब्द हटाइएको यो सैद्धान्तिक कुरा पनि हो । त्यसैले यहाँ राख्न चाहन्छु, विकास भन्नेबित्तिकै यो दिगो नै हुन्छ । हामीले त्यो विकास चाहिँ अल्पकालीन गर्ने, छोटो समयका लागि गर्ने भन्ने अर्थ लाग्न सक्छ । विकासमात्रै भन्दा त्यसैले यो विकास सधैं दिगो हुन्छ । यो सधैंका लागि चाहिने हुनाले यो शब्द चाहिँ यहाँ नहटाएको भए सैद्धान्तिक हिसाबले पनि यो विकास दिगो विकास चाहिँ ठीक छ भन्ने लाग्छ । त्यसैले अरू समग्रमा यो प्रतिवेदनप्रति पूर्ण समर्थन गर्न चाहन्छु । धन्यवाद।

**(१३:२० बजे)** **माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन, समितिले केही केही संशोधनहरू बडो मेहनतको साथ संशोधन गरेर ल्याउनु भएको छ र उहाँ अस्ति संशोधन समितिका सभापतिले भन्दाखेरि पनि एकदमै विस्तृत रूपले रोचक ढङ्गले भन्नुभएको थियो । त्यसकारणले म यो संशोधन नियमावलीलाई पूर्णरूपले समर्थन गर्न चाहन्छु र यसमा कतिपय

राम्रा कुराहरू जस्तै समितिको सभापति केरे लामो समय उपस्थिति नहुँदा ज्येष्ठ सदस्यको ज्येष्ठ सदस्यताको हैसियतले पनि सभापतित्व गरेर समितिका बैठकहरू सञ्चालन हुने कुराहरू र थुप्रै कुराहरू आइसकेका छन् । म त्यसलाई दोहोर्याइरहन चाहन्न र यो लामो समय यो ६ वर्षको अनुभवले केही देखिएका कुराहरूलाई सुधार गरेर जुन यो नियमावली आएको छ, यसकारणले यसलाई पूर्णरूपले समर्थन गर्दछु । र एउटा कुरो अस्ति पनि भन्नुभो, हामी अझै यसलाई अलिकति प्रगतिशील भनौं अथवा यो अध्यक्षता, समितिको सभापति चाहिँ अध्यक्ष हुनुपर्छ भन्ने हाम्रो जुन चाहिँ कुरा थियो, त्यो अहिले हामी लागू गर्न सकेनौं, कानुन बाधक भन्ने कुराहरू आयो । यसका बारेमा पनि भविष्यमा हामीले सोच्दै जाने छौं र यसलाई अझै पूर्ण गराउनका निम्ति फेरिका दिनहरूमा पनि फेरि यो संशोधन पछि पनि हुँदै जाला र यी थुप्रै कुराहरू राम्रा कुराहरू थपिएकोले यसलाई समर्थन गर्दै आफ्नो भनाई टुङ्ग्याउछु । धन्यबाद ।

(१३:२२ बजे) **<u>माननीय श्री मृगेन्द्र कुमार सिंह यादव (जनता समाजवादी पार्टी, नेपाल</u>)**:- अध्यक्ष महोदय, यो राष्ट्रिय सभामा नियामवली, २०७५ लाई संशोधन गर्नको लागि जुन मस्यौदा समिति गठन भको त धेरै मेहनतबाट चाहिँ यो मस्यौदा ल्याएको छ, राष्ट्रिय सभालाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि नै यो मस्यौदा ल्याएको हो । यसलाई पूर्ण समर्थन गर्छु । धन्यवाद ।

(१३:२३ बजे) **<u>माननीय श्री गंगा कुमारी वेलबासे(नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** अनुभवसहित २०७५ सालमा निर्माण गरेको संसदको नियमावली संशोधन गरेको छ । त्यसलाई समयानुकूल र विगतको ६ वर्षको अनुभवसहितको नियमावली निर्माणमा जोड दिएको छ । ६ वर्षसम्म राष्ट्रिय सभालाई सम्माननीय प्रधानमन्त्रीले सम्बोधन गर्न व्यवस्था नगरिएको, प्रतिनिधिसभा नहुँदाखेरि पनि राष्ट्रियसभामा बजेट ल्याउन आवश्यकता नठानिएको, नीति कार्यक्रमहरू बजेट बाहिरैबाट सार्वजनिक गरिएको अवस्था र राष्ट्रियसभामा उठेका विषयहरूलाई प्रश्न उत्तरको रुपमा प्रधानमन्त्रीले जवाफ दिने कार्यक्रम जस्ता कार्यक्रमहरू नगरिएको अवस्था हामीले भोगिसकेका थियौं । त्यो व्यवस्था गर्नका लागि हाम्रो नियमावली संशोधन गर्नुपर्ने थिएन तर पनि नियमावलीमा व्यवस्था गरेर मात्रै यी कामहरूलाई अगाडि बढाउन सकिन्छ भन्ने लागेर अहिले हामीले त्यो व्यवस्थाहरू गरेका छौं । थप व्यवस्थाहरू भएका छन् ।

विधायन व्यवस्थापनको सन्दर्भमा विधायन समितिमा मात्रै विधेयक छलफल हुने भएपनि अहिले थप व्यवस्थाहरू गरेर सम्बन्धित सरोकारका विषयहरूमा छलफल गर्नका लागि विधायन व्यवस्थापनमा अरू समितिका माननीय सदस्यहरू स्वतः जान सक्ने व्यवस्था यसले गरेको छ र यस राष्ट्रिय सभालाई मर्यादित र अझै प्रभावकारी बनाउनका लागि त्यहाँ कार्यरत सचिवको व्यवस्था माथिल्लो तहबाट हुने, सहसचिव लेभलको तहबाट हुने व्यवस्था यसले गरेको छ । त्यस्तै गरेर महिला समानुपातिक ढङ्गले अगाडि बढ्नका लागि केही सहयोग पुगोस् भन्ने हिसाबले महिलाको समन्वय समिति बनाउने जुन व्यवस्था गरेको छ । यो राम्रा कामहरूको लागि र अरु बिषयहरूमा जो संशोधन गरेको छ, यो आवश्यकता थियो र यसैले यो अगाडि बढेको छ  र यसलाई हामीले पास गरेर जानेछौं र लागू गरेर जानेछौं भन्ने विश्वास राख्न चाहन्छु । हवस् त । धन्यवाद ।

(१३:२५ बजे) **माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो नियावली २०७५ राष्ट्रियसभाको संशोधनको अवधिका हिसाबले ६ वर्षको पूरा  त्यसको अनुभव, त्यहाँ देखापरेका समस्याहरू, सीमाहरू र सुझाव सुझावहरूलाई मन्थन गरेर पूर्णता दिनका निमित्त यसले ठुलो मद्दत गरेको छ । अर्कोतिर राष्ट्रियसभाका विषयमा बाहिर पनि नकारात्मक चर्चा परिचर्चा भइराखेको स्थितिमा अझै यसलाई प्रभावकारी बनाउनका निमित्त यो नियमावलीले थप मद्दत गरेको  छ । जो सरकारलाई उत्तरदायी बनाउने कुरा, समितिलाई उत्तरदायी वनाउने कुरा, जनताप्रति उत्तरदायी बनाउने प्रयास र मतदाताहरूप्रति फर्कने कुरा यसले निश्चित गरेको छ । अर्थतन्त्रका बारेमा यहाँ छलफल हुँदैन थियो राष्ट्रिय सभामा, त्यसका बारेमा समिति नै गठन गरेर देशको अर्थतन्त्रका बारेमा, राष्ट्रका नीति निर्माणका बारेमा पनि यसले पूर्णता दिनका निमित्त ठुलो यसले समेतले मद्दत गरेको छ र समितिहरूमा हेरफेर, नामहरूमा हेरफेर गरेको छ, हाम्रो लामो समिति थियो सबैलाई कण्ठ गर्न अप्ठ्यारो हुन्थ्यो, अलि सजिलो पारेकोछ । अझ पनि अलि लामो भए पनि अझ सजिलो बनाएको छ र यसलाई ठुलो मेहनत गरेर जसरी सभापतिलगायत सबै सदस्यहरूले यो संशोधन प्रस्ताव ल्याउनुभएको छ यसप्रति समर्थन गर्छु र उहाँहरूलाई धेरै धेरै धन्यवाद दिन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भुवन वहादुर सुनार ।

(१३:२७ बजे) **माननीय श्री भुवन वहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्मानीय अध्यक्षज्यू, यो राष्ट्रिय सभाको नियमावली ०७५ लामो अनुभव र ठुलो मेहनतका साथ माननीयज्यूहरूले चाहिँ संशोधन गर्नुभएको छ । अथवा यसलाई चाहिँ परिमार्जित गर्नुभएको छ । र यसलाई एकदम स्वागतयोग्य बनाउनुभएको छ । यसलाई यति मेहनतका साथ जसरी साथीहरूले निर्माण गर्नुभएको छ र पनि यसका केही कमी कमजोरीहरू पनि देखिएको छ। जस्तैः यो संसदभित्र अमर्यादित कामहरू भए भने गर्न सकिने चाहिँ सजायमा १० दिन लेखिएकोमा त्यसलाई १५ दिन बनाउने जुन साथीहरूले सोच्नुभयो, त्यसलाई ७ दिन बनाउने बारेमा चाहिँ सोच्नुभएनछ । अनि दण्ड नै ठुलो बनाइयो भने त्यो चाहिँ आफ्नो एउटा काबुभित्र, सीमाभित्र आउँछ भन्ने सोच चाहिँ अलि नपुग भए जस्तो लाग्छ एउटा ।

दोस्रोः यति राम्रो बनाउँदा बनाउँदै पनि यो राष्ट्रिय सभाको चाहिँ ४ वटा समितिमा त्यो दिगो विकास समितिलाई नै चाहिँ, दिगो विकास तथा सुशासन समिति भन्ने थियो । त्यसमा थोरै राम्रा कुराहरू रहँदा रहँदै त्यो दिगो भन्ने शब्द किन झिक्न पऱ्यो? त्यो दिगो शब्दमै हामी किन त्यति पूर्वाग्रही बन्यौं भन्ने चाहिँ लागेर त्यो शब्द चाहिँ त्यहाँ राखिनुपर्छ भन्ने पनि रह्यो । र अरू सबैमाथि मेरो समर्थन नै रहने कुरा जनाउँदै मेरो भनाइ यहीँ अन्त्य गर्छु । हवस्, धन्यवाद ।

(१३:२९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय सभापति सुरेश कुमार आलेमगरलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१३:३० बजे) **माननीय सभापति श्री सुरेश कुमार आलेमगर** सम्माननीय अध्यक्ष महोदय, अघि भर्खर समितिको सभापतिको हैसियतले, सभापतिको हैसियतले पेस गरेको मेरो यो जुन प्रतिवेदन छ, त्यसमाथि विभिन्न ९ जना माननीयज्यूहरूले आफ्नो महत्वपूर्ण सुझावहरू राख्नुभयो । त्यसको लागि धेरै धेरै धन्यवाद दिन चाहन्छु । माननीयज्यूहरूको सुझाव सुनिरहँदा मलाई एउटा छोटो मोटो कविता दिमागमा फुऱ्यो । मैले जस्तो जस्तो सोच्थें, मैले जस्तो जस्तो सोच्थें, तिमीले पनि सोच्दो रहेछौं त्यस्तै त्यस्तै, त्यसैले नै मलाई भन्न मन लाग्यो हामी रहेछौं विल्कुल उस्तै उस्तै ।

सम्माननीय अध्यक्ष महोदय, तथापि केही कुराहरू यहाँ आए । सबभन्दा पहिले त म ती महत्त्वपूर्ण सुझावहरूको लागि म सबैलाई धेरै धन्यवाद दिन चाहन्छु । यति भनेर म के थप्न चाहन्छु भन्दाखेरि यो प्रतिवेदन हामीले तयार पारिरहँदा अस्ति पनि मैले भनेको थिएँ, धेरै धेरै सरोकारवालाहरूसँग, विज्ञज्यूहरूसँग, त्यसै गरी हाम्रा सम्माननीय अध्यक्षज्यू, त्यसै गरी माननीय उपाध्यक्षज्यूलगायत पूर्व राष्ट्रिय सभा सदस्यज्यूहरूसँग हामीले राम सुझाव लिएका थियौं । र त्यसो गरिरहँदा हामीले यो नियमावलीका विभिन्न पाटा, पक्षहरूमाथि पनि हामीले ध्यान दिएका थियौं । र मूलतः र मुख्यतः हामी यो राष्ट्रिय सभाको ओज, यसको महिमा, यसको गरिमा, यसको प्रतिष्ठा, यसको प्रभावकारिता र यसको भूमिकालाई अभिवृद्धि गर्ने भन्ने केन्द्रित रहेका थियौं । त्यसैले यो तयार भएको छ । र कतिपय कुराहरू हामीले व्यवहार हेर्न बाँकी नै छ । त्यो हामी हेरौंला, के हुन्छ, कसो हुन्छ । तथापि, अहिले हामीलाई यो यति गरेपछि त सायद ठिक हुन्छ होला भन्ने लागेर हामी यसरी आयौं । यहाँ धेरै कुराहरू त्यस्तो चाहिँ उठेन ।

यहाँ दिगो शब्द भन्ने कुरा माननीयज्यूहरूले उठाउनुभयो । दिगो विकास समितिका सायद सबै नै माननीयज्यूहरू हुनुहुन्छ । उहाँहरूको भावनाको म उच्च कदर गर्न चाहन्छु । तर म के भन्न चाहन्छु भन्दाखेरि समितिको तर्फबाट यो विकास भन्ने शब्द त्यहाँ छ । दिगो विकास, दिगो विकाससँग जोडिएको छ र विकास शब्द त्यहाँ छ । विकास त त्यहाँ छुटेको छैन । विकास, आर्थिक मामिला तथा सुशासन समिति भन्ने छ । र त्यसकारणले गर्दाखेरि पनि यो दिगो नराख्दा हुन्छ भन्ने चाहिँ हो । के छ फेरि भने हामीलाई चाहिँ के पनि लाग्यो त भन्दाखेरि सिङ्गो नेपाल भनेपछि काठमाडौं, पोखरा, धरान, धनगढी भनिरहनुपर्दैन । नेपालै भनिसक्यो त, विकासै भनिसक्यो त, भन्ने हिसाबले पनि हो । तथापि माननीयज्यूहरूको यो भावनाको यो शब्दप्रति तपाईंहरूको आग्रह त रहेछ, हाम्रो त पूर्वाग्रह होइन । यो कुरा प्रष्ट राख्न चाहन्छु । र यसलाई त्यही रूपमा लिइदिनको लागि हार्दिक अनुरोध गर्दै मेरो प्रत्युत्तरमा भन्नुपर्ने केही भनाइहरू यहीं टुङ्ग्याउन चाहन्छु । धन्यवाद ।

**(१३:३३ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०" माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले "राष्ट्रिय सभा नियमावली, २०७५" बमोजिम ७२ घण्टाभित्र राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम माननीय सदस्यहरूबाट अध्यादेश स्वीकार गर्नेसम्बन्धी कुनै पनि, अस्वीकार गर्नेसम्बन्धी कुनै पनि सूचना प्राप्त नभएकोले सोही नियमावलीको नियम ८९ को उपनियम (३) बमोजिम माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतलाई "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, २०८० स्वीकृत गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

(१३:३४ बजे) **माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयले जुन भन्नुभयो कि कुनै पनि त्यस विषयमा संशोधन प्रस्ताव आएन । मूलतः यो माननीयज्यूहरूको आग्रहअनुसार हामीलाई यथेष्ट समय भएन, छलफलको लागि । यो बजेट जुन हामी प्रस्तुत गर्छौं जेष्ठ १५ गते, त्यसभन्दा अगाडि जम्मा १५ दिन मात्रै हुँदाखेरि यो बजेटको छलफल पनि त्यसै बेलामा निर्माण हुने, त्यसै बेलामा हुँदा त्यसको प्रतिविम्ब बजेटमा नहुन सक्छ भन्ने माननीयज्यूहरूको भनाइ थियो । त्यसैलाई मध्यनजर राखेर हामीले चाहिँ यथेष्ट, यो सिद्धान्त र प्राथमिकतामै यथेष्ट छलफल होस् भनेर ३ महिना अगाडि नै प्रस्तुत गर्नुपर्ने र १ महिनासम्म छलफल हुने व्यवस्था यहाँ गर्यौं । र अरू पनि त्यहीअनुसार, अरू पनि यो संशोधन अध्यादेश यो संसद नभएको अवस्थामा र तत्कालै अगाडि बढाउनुपर्ने भएको हुनाले यो आयो । त्यसको लागि यहाँहरूलाई म धन्यवाद पनि दिन चाहन्छु ।

र सम्मानीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, २०८० स्वीकृत गरियोस्” भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**(१३:३६ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म माननीय अर्थ मन्त्री डा. प्रकाशशरण महतले पेस गर्नुभएको “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, २०८० स्वीकृत गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ, “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व पहिलो संशोधन अध्यादेश, २०८० स्वीकृत गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई "शहीद दशरथ चन्द स्वास्थ्य, विज्ञान विश्वविद्यालय विधेयक, २०८०" सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१३:३७ बजे) विधायन व्यवस्थापन समितिका सभापति माननीय श्री जयन्ती देवी राईः-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको संवत् २०८० साल कार्तिक १४ गते बसेको बैठकले "शहीद दशरथ चन्द स्वास्थ्य, विज्ञान विश्वविद्यालय विधेयक, २०८०" माथि दफावार छलफलका लागि यस समितिमा पठाएको थियो । उक्त विधेयकउपर १० जना माननीय सदस्यहरूले जम्मा ७३ वटा संशोधन प्रस्ताव दर्ता गराउनुभएको थियो । प्राप्त संशोधन प्रस्तावसहित विधेयकमाथि संवत् २०८० साल कार्तिक १७ गते देखि पौष १ गतेसम्म विभिन्न विषय समितिमा बसेको बैठकमा एक पटक सैद्धान्तिक र छ पटक दफावार छलफल भएको थियो । प्रस्तुत विधेयकले स्वास्थ्य विज्ञान क्षेत्रमा गुणस्तरीय अध्ययन अध्यापनद्वारा मानव स्रोत विकास गरी सहज, सुलभ र विशेषज्ञसहितको स्वास्थ्य विज्ञानसम्बन्धी शिक्षा तथा स्वास्थ्य सेवा

उपलब्ध गराउन तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ । समितिको बैठकहरूमा विधेयक प्रस्तुतकर्ता, मन्त्रालयका मन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरू, सम्बन्धित मन्त्रालयका सचिव र सम्बद्ध कर्मचारीहरू, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीहरूलगायत व्यक्तिहरूको उपस्थिति रहेको थियो । यस विधेयकमाथि विभिन्न चरणमा भएको औपचारिक, अनौपचारिक छलफलहरूमा सहभागी हुनुका साथै प्रतिवेदन लेखनसमेतमा सहयोग गर्नुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समितिद्वारा संवत् २०८० साल पौष १ गते समितिको बैठकद्वारा पारित "शहीद दशरथ चन्द स्वास्थ्य, विज्ञान विश्वविद्यालय विधेयक, २०८०" सम्बन्धी प्रतिवेशन यस सम्मानित सदनसमक्ष पेस गर्दछु । धन्यवाद ।

**(१३:४० बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म पूर्वमन्त्री संविधानसभा सदस्य तथा नेपाली काँग्रेसका केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्दछु । विक्रम संवत् २००१ सालमा जन्मनुभएका पूर्वमन्त्री संविधानसभा सदस्य तथा नेपाली काँग्रेस केन्द्रीय सदस्य केशवकुमार बुढाथोकीको मिति २०८० साल माघ २२ गते सोमवार राति उपचारको क्रममा असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ । स्वर्गीय बुढाथोकी नेपाली काँग्रेस पार्टीको तर्फबाट २०६४ र २०७० सालमा झापा जिल्ला निर्वाचन क्षेत्र नम्बर ५ बाट संविधानसभा सदस्य पदमा निर्वाचित हुनुभएको थियो भने २०७३ सालमा सामान्य प्रशासन मन्त्री हुनुभएको थियो । यो बैठक स्वर्गीय बुढाथोकी प्रति भावपूर्ण श्रद्धाञ्जली गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ । माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्तावलाई पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

(माननीय सदस्यहरूले हात उठाएर शोक प्रस्तावलाई पारित गर्नुभएको) ।

माननीय सदस्यहरू, उपरोक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

मानननीय सदस्यहरू, अब पूर्वमन्त्री संविधानसभा सदस्य केशवकुमार बुढाथोकीको निधनप्रति शोक व्यक्त गर्न र उहाँप्रति श्रद्धाञ्जली व्यक्त गर्न उठेर १ मिनेट मौनधारण गरौं ।

मौनधारण ।

धन्यवाद ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल माघ २८ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल माघ २८ गते आइतवार अपराह्न १ बजेर १ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १३ः४२ बजे ।**